# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी माओवादीका सल्लाहकार स्याउलाको निधन
## पार्टीद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का सल्लाहकार सदस्य विष्णु स्याउला (क.प्रकाश)को असामयिक निधन हुन पुगेको छ । फोक्सोको टिबीबाट पीडित उहाँको काभ्रेको बनेपा

*बाँकी ४ पेजमा*

वर्ष ४ अङ्क २५ पूर्णाङ्क १७० | २०७६ माघ १३ गते सोमबार | Monday, 27 Jan, 2020 | पृष्ठ ८ | मूल्य रु. १०।-

# राष्ट्रिय स्वाधीनताको संघर्ष चर्काउने नौ दलको सहमति

## माघ २४ गते काठमाडौं, विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा विरोध सभा गरिने




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) लगायत नौ दलले देशव्यापी रूपमा राष्ट्रिय स्वाधीनताको संघर्ष चर्काउने सहमति गरेका छन् । राष्ट्रिय स्वाधीनताको मुद्दामा कार्यगत एकताको घोषणा गर्दै नौ दलले आगामी माघ २४ गते काठमाडौँ, विराटनगर, जनकपुर, *बाँकी ४ पेजमा*

## नेकपा (क्रान्तिकारी माओवादी) गैरभौगोलिक व्युरोको बैठक सम्पन्न

काठमाडौं । यही माघ ८ गते नेकपा (क्रान्तिकारी माओवादी) गैरभौगोलिक व्युरो बैठक उक्त पार्टीका महासचिव तथा व्युरो इन्चार्ज क.मोहन वैद्य 'किरण'को अध्यक्षतामा सम्पन्न भएको छ ।

बैठकले पार्टीले सञ्चालन गर्ने 'राष्ट्रिय स्वाधीनताको अभियान' सम्वन्धी कार्यक्रममा गैरभौगोलिक व्युरोका विभिन्न जनवर्गीय संगठनहरूका पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको कार्य विभाजन गरेको छ । जसअनुसार, (१) **महिला संगठन** : अध्यक्ष अम्बिका मुडभरी, प्रदेश नं. १ र २ को उद्‌घाटन कार्यक्रममा सहभागी भई अन्य दिनहरूमा विभिन्न प्रदेशहरूमा गरिने कार्यक्रममा सहभागी हुने । त्यसैगरी प्रदेश नं. १ र २ मा अम्बिका रेग्मी र रिता मगर, प्रदेश नं. ३ मा शारदा महत र रूपा गेलाल, ४ नं. प्रदेशमा कल्पना थापालगायत केन्द्रीय सदस्यहरू, ५, ६ र ७ मा तेजकुमारी थापा, चन्दा थानीलगायतका केन्द्रीय सदस्यहरू सहभागी हुनेछन् ।

(२) **विद्यार्थी संगठन** : अध्यक्ष हरिकृष्ण गजुरेलले काठमाडौंमा हुने उद्‌घाटनमा सहभागी भई अन्य प्रदेशहरूमा पनि परिचालन हुने । त्यसैगरी अन्य सदस्यहरूमा प्रदेश नं. १ सचिव सूर्य कार्की, प्रदेश २ उपाध्यक्ष किरण अधिकारी थारु, प्रदेशमा नं. ३ शिलु न्यौपाने र अध्यक्ष हरिकृष्ण गजुरेल, प्रदेश नं. ४ मनकुमार न्यौपाने, प्रदेश नं. ५ महेश श्रेष्ठ, प्रदेश नं. ६ र ७ महासचिव पेशल दाहाल ।

(३) **मजदुर संगठन** : प्रदेश नं. १ र २ मा अध्यक्ष ईश्वर तिमिल्सिना र सचिवालय सदस्य बालकृष्ण बुढाथोकी, प्रदेश नं. ३ महासचिव बसन्त बोगटी र सचिवालय सदस्य अर्जुनलाल श्रेष्ठ, प्रदेश ४ मा सचिवालय सदस्य कृष्ण कट्टेल, प्रदेश ५, ६ र ७ मा महासचिव बसन्त बोगटी र केन्द्रीय सदस्य राजु भुजेल ।

(४) **युवा संगठन** : प्रदेश नं. १ र २ मा केन्द्रीय अध्यक्ष आकाश, प्रदेश नं. ३ उपाध्यक्ष केशव ढल्कोटी, प्रदेश नं. ४ मा उपाध्यक्ष उत्तम थापामगर, प्रदेश नं. ५, ६ र ७ मा महासचिव दिलबहादुर कठायत ।

अन्य जबसहरूको सन्दर्भमा सम्बन्धित प्रदेशहरूमा सहभागी हुने निर्णय गरियो ।

## वैदेशिक हस्तक्षेपका विरूद्ध आठ दल र पाँच संघ/संस्थाको संयुक्त विरोधसभा सम्पन्न

# सशक्त संयुक्त प्रतिरोध आन्दोलन उठानमा जोड

● **अनु निरौला**

काठमाडौं । भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादी शक्तिले नेपालको राष्ट्रिय स्वाधीनतामाथि ठाडो हमला गरिरहेको चर्चा गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले त्यसका विरुद्ध सशक्त प्रतिरोधमा उत्रन सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिलाई सार्वजनिक आव्हान गर्नुभएको छ । देशभक्त जनणतान्त्रिक मोर्चा, नेपाल लगायत ८ दल र पाँच विभिन्न संघ संस्थाको संयुक्त आयोजनामा शुक्रबार आयोजित विरोधसभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले यस्तो आव्हान गर्नुभएको हो ।



भारतीय विस्तारवादले नेपालको ७१ ठाउँमा सीमा अतिक्रमण गरेको फेहरिस्त प्रस्तुत गर्दै अध्यक्ष गजुरेलले भने, "भारतले हालै जारी गरेको नयाँ राजनीतिक नक्सामा नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका क्षेत्र गाभिनु नेपालको राष्ट्रिय स्वाधीनतामाथिको ठाडो हमला हो ।" लामो समयदेखि भारतीय विस्तारवादले गरिरहेको हस्तक्षेपका कारण संकटमा पर्दै आएको नेपालको राष्ट्रिय स्वाधीनता अमेरिकी साम्राज्यवाद नेपालमा सैन्य क्याम्प नै खडा नै गर्ने योजनाका साथ एमसीसी(मिलिनियम च्यालेन्ज कर्पोरेशन) लिएर आएपछि राष्ट्रिय स्वाधीनतामाथि झन गम्भीर संकट उत्पन्न हुन पुगेको विश्लेषण गर्दै अध्यक्ष गजुरेलले भने, *बाँकी ४ पेजमा*

## अखिल (क्रान्तिकारी)ले शैक्षिक माफियाहरूका विरुद्ध प्रतिरोध संघर्षमा जोड दिने




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले शैक्षिक माफियाहरूका विरुद्ध प्रतिरोध संघर्ष गर्ने निर्णय गरेको छ । माघ ७ र ८ मा सम्पन्न संगठनको केन्द्रीय समितिको बैठकले शिक्षा क्षेत्रमा भएका तमाम विकृति र शैक्षिक माफियाहरूका विरुद्ध प्रतिरोध संघर्ष गर्ने निर्णय गरेको संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले बताए ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेलको विशेष उपस्थितिमा बसेको बैठकले पार्टीको चार महिने अभियानसँगै जोडेर संगठन विस्तार तथा प्रतिरोधको आन्दोलनलाई एकसाथ अगाडि बढाउने निर्णय गरेको छ ।

राष्ट्रिय स्वाधीनता र शैक्षिक माफिया विरुद्धको आन्दोलनलाई सँगसँगै अगाडि *बाँकी ४ पेजमा*

## क्रान्तिकारी माओवादीमा ध्रुवीकरण अभियान

# आकाशले छोडे विप्लव नेकपा



नवलपरासी / नेकपा (क्रान्तिकारी माओवादी ) पश्चिम नवलपरासीले बिभिन्न खेमामा छरिएर रहेका माओवादी शक्तिहरूलाई एक ठाउँमा ल्याउन भन्दै ध्रुवीकरण अभियान शुरु गरेको छ । अभियान अन्तरगत शनिवार विप्लव नेकपाका जिल्ला सदस्य मेगराज पाण्डे ( आकाश ) क्रान्तिकारी माओवादीमा प्रबेश गरेका छन् । अभियानको क्रममा माओवादी आस्थामा रहेका पुर्व माओवादीहरूलाई पुरानो घर फर्कन समेत आब्हान गर्दै भेटघाटलाई तीब्रता दिइएको जिल्ला सदस्य न्युक्लियसले बताए । सोही क्रममा बर्दघाट नगरपालिका -४ को निवासी आकाशले नेत्र बिक्रम चन्द विप्लव नेतृत्वको नेकपाको नीति प्रष्ट नभएको भन्दै बिज्ञप्ति जारी गर्दै सो पार्टी परित्याग गरेका हुन ।

पाण्डेद्वारा हस्ताक्षरित बिज्ञप्तिमा - बिभिन्न बामपन्थी भनिने पार्टी तथा कम्युनिष्ट पार्टीमा भम्रबंस अल्झिएर रहनुभएका नेता कार्यकर्ताहरूमा नेपालमा क्रान्तिको मियो क्रान्तिकारी माओवादी नै रहेको जानकारी गराउदैं यस पार्टीमा ध्रुवीकृत हुन आब्हान गर्दछू - भनिएको छ । त्यस्तै सोही संगठन सुदृढ तथा ध्रुवीकरण *बाँकी ४ पेजमा*

## राजनीतिक सङ्कट र निकासको प्रश्न

***देशका वौद्धिक र शारीरिक रुपका युवा श्रमशक्ति दिनहुँ हजारौँको सङ्ख्यामा विदेश पलायन भइरहेको छ । त्यसलाई रोकेर राष्ट्रिय उत्पादनका क्षेत्रमा लगाउने राज्यको कुनै योजना छैन । बरु सरकारले अन्य गन्तव्य मुलुकका लागि हारगुहार गरेर हाम्रा युवालाई रोजगारी देऊ भनेर भीख माग्छ***



● **हिरामणि दुःखी** ●

आज देशमा राजनीतिक सङ्कट झन् पछि झन् गहिरिएर गएको छ । सर्सर्ती सतहमा हेर्दा त दुइतिहाई बहुमतको एकलौटी सरकार देशमा विद्यमान रहेको यथार्थ देखिन्छ । संविधानसभाबाट तयार भएर जारि भएको संविधान कृयान्वयनमा छ । स्थानीय, प्रदेश (दुई नम्बर प्रदेश बाहेक) र सङ्घीय सरकारमा 'कम्युनिस्ट'को एकलौटी बर्चस्व रहेको छ । नामकै भए पनि सङ्घियता कार्यान्वयन भएको छ । जनतामा सार्वभौम अधिकार आएको भनिएको छ। कम्युनिस्ट आन्दोलनकी नेतृ राष्ट्रपतिमा विराजमान छन् । संसद र सरकारमा 'कम्युनिस्ट'हरूको वर्चस्व छ । सत्ताको प्रमुख प्रतिपक्ष दल आफ्नै आन्तरिक कलहका कारण संसदमा सर्वाधिक कमजोर अवस्थामा रहेको छ । देस्रो तहको प्रतिपक्ष शक्ति गणना मात्रैको छ । कुनै भूमिका निर्वाह गर्ने हैसियतमा छैन । सत्तासिन दलले आफूहरूलाई उत्पीडित वर्ग, जाति, लिङ्ग र समुदायको प्रतिनिधि र मूलधारको संस्था भनेर दावी गर्छ । उसले 'समृद्ध नेपाल र सुखी नेपाली', 'भ्रष्टाचारमा शून्य सहनशीलता', 'आफू पनि भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न पनि दिन्न', 'अबको पचास वर्ष कम्युनिस्टको सरकार' इत्यादि नारा दिएर जनतामा एक प्रकारको भ्रमित *बाँकी ७ पेजमा*

# सम्पादकीय

## संयुक्त प्रतिरोध आन्दोलन आवश्यक

भारतले आफ्नो नक्सामा गाभेको लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका ७१ भन्दा बढी ठाउँको अतिक्रमित नेपाली भूमि फिर्ता गराउन केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारले कुनै ठोस पहल गरेको देखिएन । राजनीतिक दल देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र नागरिक स्तरबाट सीमा बचाउँ अभियानले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायत अतिक्रमित भूमि सहितको नेपालको वास्तविक नक्सा जारी गरेर दबाब दिंदा समेत ओली नेतृत्वको सरकारले नेपालको वास्तविक नक्सा जारी गर्न सकेको छैन । प्रधानमन्त्री कार्यालयदेखि सरकारका सबै निकायमा भारतले छापेर पठाइदिएको नेपालको नक्सा अहिले पनि झुण्ड्याइएको छ । देशव्यापी रूपमा यति ठूलो विरोध भइरहँदा पनि सरकारले नेपालको नक्सा सार्वजनिक गर्न नसक्नु र निसान छापबाट समेत नक्कली नक्सा हटाउन नसक्नुलाई निकै ठूलो आश्चर्यको रूपमा हेर्न थालिएको छ । प्रधानमन्त्री ओलीसँग प्रायःजसो फोन वार्ता भइरहेका समाचार सार्वजनिक भइरहँदा पनि ओलीले भारतले कब्जा गरेको भूमि फिर्ता गराउने विषयमा भने भारतीय मोदीसँग कुनै वार्ता नगर्नुलाई अर्को आश्चर्यको रूपमा हेरिएको छ । अतिक्रमित भूमि फिर्ता गराउन ओली सरकारको कुनै तदारुकता नदेखाउँदा संसदको प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता शेरबहादुर देउवाले भनेजस्तै ओलीकै सहमतिमा भारतले नेपालको भूमि गाभेर नयाँ नक्सा जारी गरेको त होइन ? यो आशंकालाई सरकारको मौनता र गतिविधिले नै बलियो आधार प्रदान गरिरहेको छ ।

अर्कोतिर नेपालले आफ्नो स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता बचाइराख्न अहिलेसम्म अपनाउँदै आएको विदेश तथा परराष्ट्र नीतिलाई समाप्त पार्ने गरी देशव्यापी विरोधका बाबजुद ओली सरकारले अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी संसदबाट पास गरेर नेपाललाई छिमेकी मुलुक चीनका विरुद्ध अमेरिकी सुरक्षा छाताभित्रको गुटमा सामेल गराउन खोजिरहेको छ । एमसीसी सम्झौतामा जे जस्ता प्रावधानहरू राखिएका छन्, ती सबै नेपालको राष्ट्रिय स्वाधीनतामा गम्भीर संकट उत्पन्न गर्ने खालका छन् भन्ने कुरा बाक्लै चर्चा परिचर्चा भइसकेका छन् । राष्ट्रघाती भएकाले एमसीसी सदनबाट पास गरिनु हुन्न भन्ने आवाज देशव्यापी रूपमा उठिरहेको छ । स्वयम् सत्तारुढ दलभित्र पनि चर्को रूपमा यसको विरोध भइरहेको छ । तर ओली सरकार भने जसरी पनि संसदबाट अनुमोदन गराउने तयारी गरिरहेको छ । निकै लामो रस्साकस्सीका बाबजुद एमसीसी सदनबाट पास गराउने सर्तमा नै अग्नी सापकोटालाई सभामुखमा नियुक्त गरिएको छ । यस पृष्ठभूमिलाई हेर्दा राष्ट्रिय स्वाधीनतामाथि गम्भीर संकट उत्पन्न हुन पुगेको छ । नेपाल रहला कि नरहला भन्ने स्थिति पैदा भएको वर्तमान अवस्थामा सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिले आ-आफ्नै पहलकदमीमा देशव्यापी रूपमा प्रतिरोध आन्दोलन उठाउने प्रयत्न गरिरहेका छन् । तर अलग अलग रूपमा गरिने वा गरिएका यस्ता आन्दोलनले सरकारमा बसेका दलाल शासकहरूलाई भने खासै असर पार्न वा पुऱ्याउन सकेको छैन । तसर्थ, देशको स्वाधीनता बचाउने आन्दोलनमा सम्पूर्ण देशभक्त तथा क्रान्तिकारी शक्तिहरूलाई एकताबद्ध पारेर वृहत् रूपमा संयुक्त प्रतिरोध आन्दोलनलाई सशक्त रूपमा उठाउन जरुरी छ । सबैले सबै आग्रह पूर्वाग्रह त्याग्दै राष्ट्रका निम्ति फराकिलो सोच बनाउँदै दलाल राज्यव्यवस्थाको मुटु थर्काउने गरी प्रतिरोध आन्दोलनको ज्वारभाटा उठाउन जरुरी छ । शुक्रबार रत्नपार्क शान्तिबाटिकामा आठ दल र पाँच संघ संस्थाहरूको संयुक्त आयोजनामा विरोधसभा आयोजना गरियो । यो एउटा राम्रो सुरुवात हो । यसमा क्रान्तिकारी माओवादी, नेकपा विप्लव, नेकपा (ऋषि कट्टेल, सीमा बचाउँ अभियान लगायत राष्ट्रिय स्वाधीनताका पक्षधर अन्य राजनीतिक पार्टी तथा विभिन्न संघ संस्थाहरूलाई पनि समेटी वृहत् राष्ट्रिय प्रतिरोध आन्दोलनको उठानमा जोड दिन जरुरी छ । त्यसका लागि सम्बन्धित पक्षहरूले जिम्मेवारपूर्वक ठोस पहलकदमी गर्नु अपरिहार्य बन्न गएको छ । यो नै आजको एक ऐतिहासिक आवश्यकता र समयको माग बन्न पुगेको छ ।



**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।**

www.moolbato.com


# नेपालमा माओवादी जनयुद्ध–एक विश्लेषण–३



● रोशन जनकपुरी ●

चुनवाङ्ग बैठकको निष्कर्ष दोस्रो राष्ट्रिय सम्मेलनमा संश्लेषण गरिएको वैचारिक अवरोहको यस्तो बिन्दु थियो जहाँबाट फेरी मालेमावादी सशस्त्र दीर्घकालीन जनयुद्धको धारामा फर्किने सबै सम्भावनाहरू सकिइसकेका थिए । यद्यपि क्रान्तिकारी दन्तबजान भने कायमै थियो ।

दोस्रो राष्ट्रिय सम्मेलनदेखि चुनवाङ्गबैठक सम्म आइपुग्दासम्म सरकारसंग पटक-पटकको युद्धविरामसंगै ०५८साल साउनदेखि कार्तिकसम्म तीन चरणको र ०६० वैशाखमा दोस्रोपटक वार्ता असफल टुङ्गिएको थियो । शाहीसेनाले दोरम्बा जस्ता माओवादी कार्यकर्ताको जघन्य हत्याकाण्डको श्रृङखला थप्दै गएको थियो भने जबाफमा दाङ्गमा शाहीसेनाको क्याम्पमाथी आक्रमण गरेर क्रान्तिकारी जनमुक्तिसेनाले आफ्नो उच्च मनोबलको प्रदर्शन गरेको थियो । यद्यपि शाहीसेनाको क्याम्प बाहिर आश्चर्यजनक र आकस्मिक आक्रमणमा कुशल देखिने जनमुक्तिसेना किल्लाबन्दी लडाईंमा कमजोर र शाहीसेना नै बलियो देखिएको थियो ।

दोस्रो राष्ट्रिय सम्मेलनमा वैचारिक संश्लेषण जस्तोसुकै भएपनि नेतृत्वहरूको सामूहिक प्रदर्शन र सकारात्मक व्याख्याले कार्यकर्ता, सैन्यपंक्ति र जनपंक्तिमा क्रान्तिकारी उत्साह थपिदिएको थियो । परिणामतः देशैभरि पार्टी कार्यकर्ता, जनसेना र श्रमजीविवर्गीय राज्य र त्यसमा आफ्नो मुक्ति देख्ने उत्पीडित वर्ग र समुदाय यस संघर्षमा उत्साहपूर्वक प्राणपनले होमिएको थियो । देशैभरि सरकारी सेनासंगको संघर्षमा शहादतको अनगिनत कीर्तिमान कायम हुँदै थियो भने सरकारी सेनासहितको युनिफाइड कमान्डले हरसम्भव दमनलाई तीव्र पार्दै लगेको थियो । अनेक प्रयास गरेरपनि जनयुद्धको विस्तारलाई रोक्न नसकेपछि राजा ज्ञानेन्द्रले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउबालाई असक्षम घोषित गरि अपदस्त गरेर ०६१साल माघ १९गते शासनसत्ता आफ्नो हातमा लिए र आफ्नै अध्यक्षतामा मन्त्रीमण्डल गठन गरे । यो देशमा जारी अस्तव्यस्तताबाट फाइदा उठाएर फेरी निरङ्कुश राजतन्त्र फर्काउने उनको दाउ थियो । माओवादीले राजा ज्ञानेन्द्रको यो दाउ बुझ्यो र देशमा गणतन्त्रको संस्थागत विकासको निम्ति संगै मिलेर संघर्षमा उत्रन अपील गऱ्यो । तर संसदवादी राजनीतिक शक्तिहरूले माओवादीको अपीलभन्दा भिन्न संसदपुनर्स्थापनाको मागसहित आन्दोलन शुरु गरे । यस्तै परिवेशमा माओवादीको बहुचर्चित केन्द्रिय समितिको बैठक रोल्पाको चुनवाङ्गमा बस्यो ।


चुनवाङ्ग बैठकले माओवादीको दसवर्षको जनयुद्ध र नयाँ जनवादी गणतन्त्रको लक्ष्यलाई लोकतान्त्रिक गणतन्त्रको संघर्षमा परिणत गरिदियो । राष्ट्रिय परिस्थितिमा देखिएको उतार-चढाव र दशवर्षको जनयुद्धबारे समीक्षा र नयाँ कार्यदिशा तयगर्ने उद्देश्यले आयोजित यस बैठकको पृष्ठभूमिमा विगतमा बेणीमा फौजी आक्रमणमा शाहीसेनालाई दिएको लज्जास्पद पराजय जस्ता विजयी गर्व थियो भने रुकुमको खारामा शाहीसेनाको क्याम्पमा किल्लाबन्दी हमला गर्दा पचासजना भन्दा बढी जनमुक्ति सेनाको शहादत र क्षतिजस्तो असफल आक्रमणहरूको नराम्रो पराजयको पीडापनि सामेल थियो । उल्लेखनीय के छ भने खाराआक्रमण पार्टीअध्यक्ष तथा जनमुक्तिसेनाको सर्वोच्च कमान्डर प्रचण्ड स्वयंको कमान्ड र निर्देशनमा भएको थियो ।

तत्कालीन स्थितिको मूल्याङकन गर्दा राजनैतिक र फौजी दुबै किसिमले अनुकूलभन्दा विपरीत परिस्थितिहरू नै बढी थिए । भर्खर हेडक्वार्टर भित्र अध्यक्ष प्रचण्ड र डा. बाबूराम भट्टराई बीचको वैचारिक कम गूटगत वर्चस्वको अन्तर्संघर्ष साम्य भएको थियो । संसदिय राजनीतिक दलहरू ज्ञानेन्द्रसंग रुष्ट देखिएपनि संसद पुनर्स्थापनाको निम्ति संघर्ष गरेर उनिहरू माओवादी नजिक आउनुभन्दा पुरानै खालको संसदीयव्यवस्था रुचाएको देखिए । शाहीसेना सामान्य किंकर्तव्यबिमूढ देखिएपनि शक्तिशाली नै थिए र माओवादीप्रति असहिष्णु र शत्रुतापूर्ण नै थिए । जहाँसम्म अन्तर्राष्ट्रिय परिस्थितिको प्रश्न थियो साम्राज्यवादी अमेरिका र क्षेत्रीय प्रमुखशक्ति भारत माओवादी आन्दोलनको विपरीत नै थियो । यस समग्र परिदृश्यमा जनताको ठूलो हिस्सा जनयुद्धकारी शक्तिलाई वैकल्पिक शक्तिशाली धाराको रूपमा हेर्न थालेको र पुरानो सत्ताको प्रायः सबै अङ्गमा माओवादीप्रति भय उत्पन्न हुन थालेको मात्र अनुकूल थियो । जनयुद्धको विजयको निम्ति यतिमात्र पर्याप्त थिएन । तरपनि माओवादीले यस सीमित अनुकूलताको आधारमा रणनीतिक सन्तुलनबाट प्रत्याक्रमणमा जाने र संसदवादीशक्तिहरू संग मिलेर लोकतान्त्रिक गणतन्त्रको निम्ति संघर्षगर्ने निर्णय गऱ्यो । विधि, उही पुरानैको तात्कालीक विकास थियो – अन्तरीम सरकार, सम्विधानसभा र लोकतान्त्रिक गणतन्त्र । तत्कालीन राजा ज्ञानेन्द्रले बढ्तै दमन गर्न थालेपछि र नयाँ संसदको निम्तिको निर्वाचनको घोषणा गरेपछि आफ्ना देशी-विदेशी शुभेच्छुकहरू विशेषगरि भारतको सल्लाहमा संसदवादी राजनीतिकदलहरू माओवादीसंग मिलेर संघर्षगर्न तयार भए । ०६२ मंसीरमा माओवादी र संसदीय सात राजनीतिक दलहरूबीच दिल्लीमा बाह्रबुँदे सम्झौता भयो । यस सम्झौतामा माओवादीपनि सशस्त्र संघर्ष रोकेर शान्तिपूर्ण राजनीतिमा आउन सहमत भयो र 'गणतन्त्रको पक्षमा फौजी धक्का दिने' भनेर चुनवाङ्ग बैठकको निर्णय अनुसार थानकोट र सर्लाहीको मलङ्गवामा भीषण फौजीहमला गऱ्यो । एकातिर राजावीरेन्द्रको हत्यामा संलग्नताको आशंकामा जनताबीच अलोकप्रीय र संसदीय राजनीतिक शक्तिहरूबाट एक्लीईसकेको र अर्कोतिर जनताबीच वैकल्पिक शक्तिको रूपमा लोकप्रीय हुँदैगएको माओवादीको आक्रमणबीच फँसेको ज्ञानेन्द्रलाई वैदेशिक शक्तिकेन्द्रहरूले पनि अब बोकीराख्न चाहेन । यसैक्रममा ०६२ चैत्र २४ गतेदेखि संसदीय राजनीतिक शक्तिहरूले दोस्रो जनआन्दोलनको घोषणा गरे । यसमा माओवादीपनि सहभागी थियो । सम्भवतः ज्ञानेन्द्रका देशी-विदेशी सल्लाहकारहरू अनुसार ढीलो गरे समग्र राजनीतिको नियन्त्रण माओवादीहरूको हातमा जाने र माओवादीहरू सफल भए उनिहरूले जनताबीच कार्वाही गर्नसक्ने भयले ज्ञानेन्द्रले राजनीतिको नियन्त्रण संसदीय राजनीतिक शक्तिहरूको हातमा दिन अन्ततः तयार भए । उनले ०६३ वैशाख ११ गते विघटित संसद पुनर्स्थापना गरेर आफू सत्ता छाडन तयार भए । समग्र परि दृश्यमा यो स्वाभाविक भएपनि माओवादीनेतृत्वको निम्ति यो अनपेक्षित र अप्रीय थियो । यसपछि ०६३ मंसीर ५ गते माओवादी र सात राजनीतिक दलबीच विस्तृत शान्ति सम्झौता भयो, जसअनुसार गठित अन्तरीमसंसदमा प्रवेश गरेसंगै माओवादीले जनअदालत र जनसरकार विघटन गर्ने, सशस्त्रसंघर्ष त्याग गरेर सदाको निम्ति शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्न सहमत भयो । यसपछि ? माओवादी जनयुद्धको पहलगर्दाका बखत तय गरेको नयाँ जनवादी लक्ष्य र प्रतिबद्धतामा यसपछि बाँकी नै के रहन्छ ! सैद्धान्तिकरूपमा त चुनवाङ्ग बैठकले नै दिशा बदलीसकेको थियो । अब आमविद्रोहको भजन गाउँदै सम्विधानसभाको माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको शान्तिपूर्ण संघर्षबाट जेसुकै भएपनि नबाहिरिने योजनाकार्यान्वयन मात्र बाँकी थियो ।

यसपछिको कथा सामान्य छ । आफ्नै राजनैतिक प्रस्तावहरूमा फँसेको माओवादीले पहिलो सम्विधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो राजनीतिक शक्ति बनेपनि उसले प्राप्त गरेको सीट निर्णायक थिएनन् । व्यापक जनाकर्षणको कारण उसले प्रधानमन्त्रीरूपमा सम्विधानसभा र सरकारको नेतृत्व गर्ने अवसर पाएपनि निर्णायक मतको अभावमा पहिलो सम्विधानसभा दुइतर्फी तानातानको स्थितिमा परिणामहीन नै विघटित भयो । जनसरकार र जनसत्ता गुमीसकेको र भूमिकाविहीन क्यान्टोनमेन्टमा थन्किएर तलबीसेनामा परिणत भएको जनमुक्तिसेनाको एउटा सानो हिस्सा अनेक गोरखधन्धापछि नेपालीसेनामा समायोजनको नाममा विलय भइसकेको थियो भने ठूलो हिस्सा असक्षम भएर पार्टीमा सामान्य भूमिकामा फर्कीसकेको थियो । यस्तो अवस्थामा क्रान्तिकारी राजनीतिको दृष्टिले नातागत भइसकेको माओवादीको निम्ति क्रान्तिको मार्क्सवादी लफ्फाजी गर्नु र देशी विदेशी बुर्जूआशक्तिको योजनामा हिँडनु बाध्यता बनेको थियो ।

यतिबेला निराश माओवादी जमातबीच उत्पन्न व्यापक असन्तुष्टि र क्रान्तिकारी चासोको कारण पार्टी विभाजन भयो । ठूलो हिस्सा प्रचण्डको नेतृत्वमा माओवादीकेन्द्रको रूपमा संसदीय सम्विधानको राजनीतिमा रह्यो भने किरणको नेतृत्वमा एउटा हिस्सा जनयुद्धको जगमा जनविद्रोहका नीति अँगालेर गैरसंसदीय माओवादीपार्टीको रूपमा गठित भयो । सबै क्रान्तिकारी परिवर्तनको सम्भावना गुमीसकेको र पूर्णतः पुरानैशक्तिको नेतृत्व र बुर्जूआ शैलीमा जनताको व्यापक विरोधको बीच दोस्रो सम्विधानसभा निर्वाचन भयो । यस पटक प्रचण्ड नेतृत्वको माओवादीकेन्द्र तेस्रो शक्तिमा परिणत भयो । नेपाली काँग्रेसको अध्यक्ष सुशील कोइरालाको नेतृत्वमा यस सम्विधानसभाले जनताको व्यापक विरोध र कयौँ नागरिकको ज्यान जानेगरि भएको सरकारी दमनको बीच बुर्जूआ चरित्रको संघीय *बाँकी ६ पेजमा*

# भारतको अवस्था र नेपाली जनताको राष्ट्रवादी भावना



● कान्छाराम तामाङ ●

हाल भारतले राजनीतिक नक्शामा नेपालको भूभाग समेटिएर औपचारिक रूपमा घोषणा गऱ्यो । यसमा नेपालका पार्टीहरू, राजसंस्था, विशेष गरी तत्कालीन राणा सरकार हरूले भूत र वर्तमानमा कसले कति गल्ती गरेका थिए भन्ने केलाएर मात्र अब के गर्दा अतिक्रमित भूमि फिर्ता गर्न सकिन्छ भन्ने कुराको निर्धारण हुन्छ । इतिहासमा बाउ बाजेले राष्ट्रमाथि गरेको गल्ती नाती पनातीहरूले स्वीकार्दा पनि राष्ट्रको लागि हितै हुन्छ । पहिला राणाहरूको निरंकुश शासन सत्तालाई टिकाउनका निम्ति इष्ट इन्डियन कम्पनी सरकारसँग ज्यू हजुर गरी विभिन्न सन्धि-सम्झौता गरेको थियो । त्यस राणाले गरेको गल्तीलाई सचेत नागरिकहरूले राणा विरुद्ध औंला ठडाउँदा अराष्ट्रियतत्व देशद्रोही भनेर फाँसी दिन पनि पछि परेन । दमनलाई छल्नका लागि नेपालको नेताहरू भारतमा शरण लिन जान बाध्य भए । त्यही अवस्थादेखि भारतमा लुक्न जानेहरूले देश चोइट्याएर प्राकृतिक श्रोत बुझाएर आफू सरकारमा टिक्ने कुरा सिक्न थाले ।

राणा सत्ता अपदस्त भइसकेपछि त्रिपक्षीय सम्झौताको नाममा मोहन शम्शेर प्रधानमन्त्री भए । मोहन शम्शेरलाई हटाएर नेपाली कांग्रेसको तर्फबाट मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए । मातृकाकै प्रधानमन्त्री कालमा २०११ सालमा कोसी सम्झौता भयो । २०१५ सालको आम निर्वाचनपछि वीपीको नेतृत्वमा सरकार गठन भयो । २०१६ सालमा वीपीले पनि राष्ट्रघाती गण्डक सम्झौता गरेर भएभरको पानी र त्यस क्षेत्रको ठूलो भू-भाग लिन भारत सफल भयो । भारतले नेपालको राजसंस्था, कांग्रेस र कम्युनिस्टको त्रिपक्षीय द्वन्द्वलाई राम्ररी बुझेको थियो । तीनै पक्षलाई आलोपालो गरेर सरकारमा पुऱ्याउने र नेपालको प्राकृतिक श्रोत लिने हेतुले २०१७ सालमा वीपीको सरकारलाई अपदस्त गरी राजा महेन्द्रले सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिए । त्यस मितिदेखि राजसंस्थाले पनि राणाले जस्तै पञ्चायतको रसिद नलिने जतिलाई अराष्ट्रिय तत्व र देशद्रोहीको बिल्ला लगाए । फलस्वरूप सम्पूर्ण पञ्चायती व्यवस्था विरोधी नेताहरू भारतको शरणमा जान बाध्य भयो । यसै सेरोफेरोमा १९६२ मा चीन र भारतको वीच लडाई भयो । त्यो लडाईमा भारतले हारिसकेपछि भारतको एक हुल सेना नेपालको भूभाग कालापानी क्षेत्रमा लुक्न आए । ती सेनाहरू ब्यारेक र बङ्कर समेत बनाएर बसे । त्यसमा राजा महेन्द्रले भारतको विरोध गर्न सकेन । यस घटनाले भने भारतले मिचाह नीति लिएको हो कि भन्ने कुरा राजा महेन्द्रलाई अलिकति हेक्का भयो । भारतलाई चित्त बुझाएर शासन चलाउनुभन्दा उत्तरतिर ढल्किने भनेर २०२२ देखि २०२६ सम्ममा कोदारी राजमार्ग, पृथ्वी राजमार्ग र दर्जनौ उद्योगहरू चीनको सहयोगमा स्थापना भए । यही क्रममा २०२८ साल माघ २८ गते चितवनको दियालो बङ्गला दरबारमा राजा महेन्द्रको नाटकीय ढंगले मृत्यु भयो । "हुन त मान्छेहरूले राजा महेन्द्रको मृत्युलाई लिएर धेरै फूलहरू गाँसे । कसैले जोन कोपम्यान, अमेरिकन नागरिकको हातबाट दुर्घटनावस गोली लागेको पनि भने । कसैले जानी-जानी नै हानेको पनि भने (श्रोत-दरबार बाहिरकी महारानी पृष्ठ २२३) ।" राजा महेन्द्रको मृत्यु नाटकीय ढङ्गले भएको थियो भन्ने कुराको पुष्टि यो अनुच्छेदले गर्दछ ।

राजा वीरेन्द्र राजगद्दीमा आए । त्यसपछि पनि नेपालको जलश्रोत र पायक पर्ने भू-भाग अनुमोदनको लागि भारतबाट प्रस्ताव आएको देखिन्छ । वीपीलाई पनि यस्तै प्रस्तावहरू आउँदा वीपीले अलिकति अडान लिँदा २०३३ सालमा उनलाई भारतबाट बोरा ओढाएर नेपालमा लखेटियो । २०३५ तिर पाकिस्तानमा पूर्व राष्ट्रपति जुल्फिकर अलि भुट्टोलाई फाँसी दियो । त्यसैको निहुँमा नेपालमा विद्यार्थी आन्दोलन भयो । परिणाम स्वरूप जनमत संग्रह भयो । जनमत संग्रहमा सुधारिएको पञ्चले जित्ने त जित्यो तर पञ्चहरूलाई तीन समूहमा विभाजन गर्न भारत सफल भयो । परिणामस्वरूप पञ्च प्रधानमन्त्रीहरूलाई लामो समयसम्म सत्तामा टिक्नै दिएनन् । यसै क्रममा २०४३ सालमा मरिचमान सिह प्रधानमन्त्री भए । मरिचमान पनि उत्तर तिरै ढल्किन थाले । उनले पनि १९५० को सन्धिलाई वेवास्त गरी १९८७ तिर चीनसँग सैनिक सामाग्री आपूर्ति सम्बन्धी सम्झौता गऱ्यो । १९८८ मा चीनले सैनिक सामग्री उपलब्ध पनि गरायो । यसको परिणाम भारतले मई २६, १९८९ का *बाँकी ७ पेजमा*

# एमसीसीको यसरी विरोध हुँदाहुँदै पनि त्यसलाई संसद्बाट जबर्जस्ती अनुमोदन गरियो भने आफूलाई कम्युनिष्ट भनाउँने तत्वहरुको निधारमा कहिल्यै नमेटिने गरि कलङ्कको कालो टिका लाग्ने छ र उनीहरू जनताको नजरमा राष्ट्रघाती तत्वका रूपमा चिनिने छन्



**❑ मोहन वैद्य 'किरण' महासचिव- नेकपा (क्रान्तिकारी माओवादी)**

***महासचिव ज्यू, नेकपा (क्रान्तिकारी माओवादी) ले चार महिने 'राष्ट्रिय स्वाधीनताको अभियान' सञ्चालन गर्ने निर्णय गरेको छ। यो अभियानको आवश्यकता किन पऱ्यो ? यस अभियानले नेपालको क्रान्ति, जनता र राष्ट्रलाई के कस्ता फाइदा हुने देख्नुभएको छ ?***

हाम्रो पार्टीको गत मंसिर महिनामा सम्पन्न केन्द्रीय समितिको बैठकमा चार महिने "राष्ट्रिय स्वाधीनताको अभियान" सञ्चालन गर्ने निर्णय लिइएको हो । भारतीय विस्तारवादद्वारा लिम्पियाधुरा, कालापानी, लिपुलेकसहित नेपालको भू- भागलाई भारतमा गाभेर नयाँ नक्सा बनाइ सार्वजनिक गरिएको स्थितिमा देसको राष्ट्रिय स्वाधीनताको प्रश्न विशेष गम्भीर बन्न पुग्यो । यस अवस्थामा सीमा अतिक्रमणको विरोधसहित समग्र राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षाकालागि यस प्रकारको अभियान सञ्चालन गर्न आवश्यक परेको हो । यस अभियानले भारतीय विस्तारवादसहित साम्राज्यवाद र देशीय दलाल एवम् नोकरशाही पुँजीवाद तथा सामन्तवादका विरुद्ध परिलक्षित नेपाली नयाँ जनवादी क्रान्ति, जनता र सिङ्गो राष्ट्रको हितमा निश्चयनै महत्वपूर्ण ऐतिहासिक भूमिका निर्वाह गर्ने छ । साथै, यस अभियानमा जनतन्त्र र जनजीविकाका सवालहरूलाई पनि उठाइने छ ।

***यो अभियानलाई कसरी सञ्चालन गर्ने योजना बनाउनु भएको छ ? यस अभियानमा विभिन्न राष्ट्रवादी तथा देशभक्तहरूको सहभागिता कसरी गराउने सोंच गर्नु भएको छ ?***

यो अभियान पार्टीको पहल र देसभक्त जनगणतान्त्रिक मोर्चा तथा सम्पूर्ण जनवर्गीय मोर्चाहरूको सहभागितामा मेचीकोशी महाकाली एवम् पहाड, हिमाल, मधेश तराई सबै क्षेत्रमा देसव्यापीरूपमा सञ्चालित गरिने छ । यस अभियानमा व्यापकरूपमा जनपरिचालन पनि गरिने छ । यसका साथै विभिन्न देसभक्त, वामपन्थी शक्तिहरूलाई पनि समावेश गरि राष्ट्रिय स्वाधीनताको पक्षमा कार्यगत एकता तथा संयुक्त मोर्चा गरि संयुक्त जन-आन्दोलनको तयारी तथा सञ्चालनका लागि पनि हामीले आवश्यक पहल गरिरहेका छौं ।

***क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा लगायत देशभक्त तथा क्रान्तिकारीहरूले राष्ट्रिय स्वाधीनताको आवाज उठाइरहँदा वर्तमान ओली नेतृत्वको मौनतालाई कसरी लिनु भएको छ ?***

वर्तमान ओली नेतृत्वको सरकार भारतीय विस्तारवादको दलाली र दलाल एवम् नोकरशाही पुँजीपति तथा सामन्तवर्गको प्रतिनिधित्व गर्ने नव-प्रतिक्रियावादी सरकार हो । यस अर्थमा यस सरकारले सीमा अतिक्रमण र राष्ट्रिय स्वाधीनताको यति गम्भीर विषयमा पनि मौन साँधिरहेको छ । यसलाई हामीले गम्भीरतापूर्वक लिइरहेका छौं र हाम्रो आन्दोलन यस प्रकारको दलाल सरकारका विरुद्ध समेत परिलक्षीत हुने कुरा पनि स्पष्ट नै छ ।

***भारतले आफ्नो नक्सामा गाभेको लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतको भूमि फिर्ताको पहल गर्नुको सट्टा सरकार अमेरिकी साम्राज्यवादी परियोजना एमसीसी नेपालमा भिञ्याउन कम्मर कसेर लागिपरेको छ । नेपालमा विस्तारवादी र साम्राज्यवादी हस्तक्षेप एकसाथ बढिरहेको अहिलेको परि स्थिति र प्रवृत्तिलाई क्रान्तिकारी माओवादीले कसरी विश्लेषण गरेको छ ?***

हो, यतिबेला यो सरकार भारतद्वारा आफ्नो नक्सामा गाभिएको नेपालको अखण्ड भूभागलाई फिर्ता गराउन पहल गर्नुको सट्टा अमेरिकी साम्राज्यवादको रणनीतिक परियोजना अन्तर्गत नेपालमा एमसीसी भिञ्याउन कसरत गरिरहेको छ । यो गम्भीर विडम्वनाको विषय हो । यसरी विस्तारवादी तथा अमेरिकी साम्राज्यवादी दुबै प्रकारका हस्तक्षेप एकैसाथ बढ्दै गएकोमा देसको राष्ट्रिय स्वाधीनताको रक्षा गर्नमा हामीले गम्भीरतापूर्वक सोचिरहेका छौं ।

***क्रान्तिकारी माओवादीले एमसीसीको संसदबाट अनुमोदन नगर भन्दै वक्तव्य निकालेर विरोध गरेको छ । एमसीसी संसदबाट पास भई लागू गरिए नेपालमा तत्कालीन र दीर्घकालीन हिसाबले के कस्तो असर पार्ने देख्नुहुन्छ ?***

हाम्रो पार्टीले अमेरिकी सैन्य रणनीतिमा आधारित एमसीसीलाई संसद्बाट अनुमोदन गरिनु हुन्न भनेर वक्तव्य दिएको छ । एमसीसीको विरोधमा देसमा विशाल जनमत तयार हुँदै गइरहेको छ । सरकारमा बसेका पार्टीका कतिपय नेता कार्यकर्ताहरूद्धारा पनि एमसीसीको विरोध भइरहेको छ । एमसीसीको यसरी विरोध हुँदाहुँदै पनि त्यसलाई संसद्बाट जबरजस्ती अनुमोदन गरियो भने त्यसका तत्कालीन र दीर्घकालीन दुबै दृष्टिले गम्भीर परिणाम हुने छन् । सबैभन्दा पहिलो परिणाम आफुलाई कम्युनिष्ट भनाउँने तत्वहरूको निधारमा कहिल्यै नमेटिने गरि कलङ्कको कालो टिका लाग्ने छ र उनीहरू जनताको नजरमा राष्ट्रघाती तत्वकारूपमा चिनिने छन् । दोश्रो, नेपालको राष्ट्रिय स्वाधीनता र असंलग्न परराष्ट्रनीतिमा थप समस्या र जटिलता पैदा हुने छन् । तेश्रो, तत्काल एमसीसी अनुमोदन गरिए पनि भविष्यमा नेपाली जनताले त्यसलाई उल्ट्याइ खारेज गरिदिने छन् । अन्ततः नेपाल ढिलो वा चाँडो वैदेशिक हस्तक्षेप तथा उत्पीडनबाट मुक्त भएरै छाड्ने छ ।

***वैदेशिक हस्तक्षेपका विरुद्ध सत्तारुढ नेकपाभित्र समेत भइरहेको विरोध, सडकमा जनस्तरमा भइरहेको प्रतिरोध तथा अन्य राजनीतिक पार्टी स्तरमा समेत भइरहेका आन्दोलनहरूलाई जोडेर वृहत् राष्ट्रिय राजनीतिक आन्दोलन उठान गर्ने विषयमा क्रान्तिकारी माओवादीले के कस्तो पहल गरिरहेको छ ? र त्यसको सम्भावना कस्तो देख्नुहुन्छ ?***

हो, निश्चय नै हाम्रो पार्टीले बृहत् राष्ट्रिय राजनीतिक आन्दोलनको उठान र विकास गर्ने बारे निकै गम्भीरताका साथ आवश्यक पहल गरिरहेको छ । अन्य सच्चा देसभक्त पार्टी,शक्ति, र व्यक्तित्वहरू पनि यसबारे गम्भीर बन्दै आएको स्थिति छ । हामीलाई विश्वास छ, नेपालमा राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा बृहत् राष्ट्रिय राजनीतिक आन्दोलनको उठान हुनेछ र त्यो विकसित हुँदै जाने छ ।

***नेपालमा नयाँ जनवादी क्रान्तिका दुइ कार्यभार अर्थात् सामन्तवाद र साम्राज्यवाद विरोधी सङ्घर्षका दृष्टिले क्रान्तिको प्रक्रिया अब कसरी अगाडि बढ्ने देख्नुहुनछ? यसका चुनौती र सम्भावनाका बारेमा सङ्क्षिप्तमा प्रष्ट पारिदिनुस् न ?***

हो, नेपाली नयाँ जनवादी क्रान्तिका सामन्तवाद र साम्राज्यवादका विरुद्ध परिलक्षित यी दुइ कार्यभार यो बेला झनै गम्भीररूपमा हाम्रा सामु उपस्थित भएका छन् । र यहाँ गम्भीर चुनौती र महान् सम्भावना दुबै छन् । गम्भीर चुनौतीहरूको सामना नगरी महान् सम्भावनाहरूलाई उद्घाटिन गर्न सकिँदैन । क्रान्ति निश्चितरूपमा चुनौती र सम्भावनाहरूको द्वन्द्वका बिचबाट बिकसित हुने गर्दछ र हामीले यस द्वन्द्वको भीषण बाढीमा होमिने हेलिने साहस गर्नुपर्दछ । यो बेला सहि नीति निर्माण गर्ने र जनतालाई साथमा लिएर अघि बढ्ने काममा हामी गम्भीर र कृतसङ्कल्पित बन्नु पर्दछ । त्यस स्थितिमा हामी निश्चितरूपमा जटिल प्रकारका चुनौतीहरूको सामना गरी समुज्ज्वल सम्भावनाका द्वारहरूलाई उद्घाटित गर्न समर्थ हुने छौं ।

***प्रतिक्रियावादी शक्तिहरू एकताबद्ध भएर प्रतिक्रियावादी सत्ता र व्यवस्था सुदृढ पारेर लैजादैं गर्दा क्रान्तिकारी शक्तिहरू किन एकताबद्ध हुन सकिरहेका छैनन् ? यसको पछाडि कुन कारणले मुख्य भूमिका खेलिरहेको छ ?***

यसो हुनुका पछाडि कारणहरू धेरै छन्, ती मध्ये एउटा प्रमुख कारण क्रान्तिकारी शक्तिहरूभित्र प्रतिक्रियावादको घुसपैठ बढ्दै जानु पनि हो । यसको अर्थ क्रान्तिकारी शक्तिहरूमा अवसरवादको मात्रा बढ्दै जानु पनि हो । यी पनि चुनौती नै हुन् र यिनको पनि सामना गर्दै अगाडि बढ्नु पर्दछ ।

***वर्तमान ओली नेतृत्वको सरकारका विरुद्ध चौतर्फीरूपमा जनतामा असन्तोष चुलीँदै गएको देखिन्छ । गैर राजनीतिक व्यक्तिको पछाडि हजारौं मानिसहरू सडकमा निस्किरहेको अवस्थामा राजनीतिक पार्टीको नेतृत्वमा जनता किन सडक***मा उत्रिरहेका छैनन् ? कारण के देख्नुहुन्छ ?

यसका पछाडि मुख्यतः तीनओटा कारण छन्, पहिलो कारणको जबाफ माथि गइसकेको छ । दोश्रो कारण, साम्राज्यवादी तथा प्रतिक्रियावादीहरूद्वारा पालित पोषित अनेकौं गैरसरकारी संस्थाहरू (ल्नयरक्ष्लनय) क्रान्तिकारी राजनीतिक पार्टीहरूलाई बदनाम गराउन धेरै कसरत गरिरहेका छन् । तेश्रो कारण, उक्त सबै प्रतिकूलताहरूलाई चिरेर अगाडि बढ्ने काममा क्रान्तिकारी पार्टीमा पनि केहि कमी तथा सीमाहरू छन् । यि विषयबारे पनि हामी गम्भीर बन्न जरुरी छ ।

***जनताको त्यो असन्तोष, आक्रोशलाईसमेत सङ्गठित गरि आन्दोलन उठान गर्ने विषयमा क्रान्तिकारी माओवादी आगामी दिनमा कसरी अगाडि बढ्छ ? सङ्क्षिप्तमा प्रकाश पारिदिनुस् न ?***

जनतामा विद्यमान असन्तोष र आक्रोशलाई सङ्गठित गर्दै अगाडि बढ्ने बारे सर्वप्रथम आफ्नै शक्ति र सङ्गठनलाई मजबुत तुल्याउँदै जान जरुरी हुन्छ । दोश्रोकुरा, जनताको विश्वास जित्न र जनतालाई पनि वर्तमान सरकार काम हैन सत्ता र व्यवस्थाकै विरोध र क्रान्तिकारी विकल्प अर्थात् नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादतिर जानकालागि सचेत तुल्याउन आवश्यक छ । हाम्रो पार्टीले तात्कालीन र दीर्घकालीन दुबै दृष्टिले गम्भीर प्रयास गर्दै आएको छ र त्यस प्रयासलाई अझै बढाउन जरुरी छ ।

***अन्त्यमा, राष्ट्रिय स्वाधीनताका पक्षधर आम नेपाली, देसभक्त तथा क्रान्तिकारी जनता, पार्टी पङ्क्तिमा के आह्वान गर्न चाहानुहुन्छ ?***

मँ सबैलाई देसको राष्ट्रिय स्वाधीनताको रक्षाको लडाइँमा लामबद्ध हुनका लागि विशेष अनुरोध गर्दछु । *१० माघ २०७६*

# 'राष्ट्रियतालाई केन्द्रमा राखेर आन्दोलन अगाडि बढाऔं'

**● अटल**


अर्ध सामन्ती र नव/अर्ध-औपनिवेशिक देशमा जनताका जल्दा बल्दा समस्या भनेकै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्न हुन् । बुर्जुवा गणतन्त्र आइसकेपछि सामन्तवाद पछाडि धकेलिएपनि, उत्पादन सम्बन्धका हिसाबले अझै सामन्तवादी उत्पादन सम्बन्ध कायम छ। सामन्तवादी नेतृत्व राजा र राजतन्त्र हटिसकेपछि स्वतः साम्राज्यवाद अगाडि आउ'छ र त्यस्को प्रतिनिधि दलाल पुँजिवाद हावी हुन्छ। यसप्रकार नेपालको हालको प्रधान अन्तरविरोध साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवादद्वारा संरक्षित दलाल तथा नोकरशाही पुँजीवाद एवं सामन्तवाद मिलेर बनेको घरेल प्रतिक्रियावाद र नेपाली जनता बीचको अन्तर-विरोध प्रधान अन्तरविरोध बन्न पुगेको छ । नेपाली जनताले पन्छाउनु पर्ने दुइवटा पहाड सामन्तवाद र साम्राज्यवाद मध्ये सामन्तवादी पहाड धेरै हदसम्म भत्किसकेपछि स्वतः साम्राज्यवादी पहाड अजङ्गको रूपमा हाम्रो अगाडि खडा छ । यसलाई पन्छाइसकेपछि मात्र नेपाली जनताको स्वाधीनताको प्रश्नको समाधान हुन्छ । धेरै मानिसलाई भ्रम थियो कि वर्तमान प्रतिक्रियावादी राज्यसत्ताका सन्चालकहरूले राष्ट्रिय स्वाधिनताको पक्षमा धेरै काम गर्ने छ । भारतीय विस्तारवादी नाकाबन्दीको विरोध गरेर सत्तामा आएको आफुलाई राष्ट्रवादी सरकार भनेर चिनाउन खोजेको ओली नेतृत्वको सरकारले नेपाली जनतालाई ठुलो भ्रम दिन सफल भएको थियो । यो दुइ वर्षको अवधिमा राष्ट्रियताको नारा दिएर सरकारमा जाने र साम्राज्यवाद र विस्तारवादको चाकरी गर्ने नेपाली शासहरूको विरासतलाई यो सरकारले धेरै पछाडि छोडेको छ । जो सङ्ग जति धेरै आशा र अपेक्षा हुन्छ त्यो पुरा भएन भने द्वन्द्ववादको नियम अनुसार त्यति नै धेरै निराशा र घृणा पैदा हुन्छ । वर्तमान सरकारले जनताको त्यो निराशा र घृणालाई पचाउन नसकेर दमनको बाटोमा उत्रने असफल कोशीस गर्दैछ । जनताको मुख थुन्न प्रेस विधेयकदेखि सामाजिक सञ्जाललाई घुमाएर नाकाबन्दी लगाउन पत्रकारलाई धम्क्याउनेदेखि साम्राज्यवादी चाकरीको पर्दाफास गर्नेलाइ, दमन, लाठी चार्ज, जेल, नेल र हत्कडी लगाउन थालेको छ । आफैँले समय दिएर सिंहदरवारमा बोलाएर देसभक्त जनगणतान्त्रिक मोर्चाका आधादर्जन नेता कार्यकर्तालाई हस्पिटल भर्ना हुने गरि लाठीचार्ज गरेर घाइते बनाउनु र सी.पी. गजुरेललगायत १५ जनाभन्दा बढीलाई गिरफ्तार गरेर थुन्नु यस्को ज्वलन्त उदाहरण हो । देसभक्त जनगणतान्त्रिक मोर्चाले लगातार उठाउँदै आएको लिपुलेक-कालापानी-लिम्पियाधुरालगायतको प्रश्न आज तीन करोड नेपालीको समाधान नगरी नहुने पहिलो प्रश्न बनेको छ । सरकार विषयलाई अन्यत्र मोडेर कानमा तेल हालेर सुत्न खोज्दैछ, नेपाली जनताहरूले एकछिन पनि सुत्न नदिएर घचूघच्याएको यो सरकारलाई कत्ति मन परेको छैन र एलर्जी भएको छ । बहुला कुक्कुर पानीमा डुबेको जस्तो भएको छ र अत्तालिएको छ । आफुले हिजो उठाएको र ाष्ट्रिय स्वाधीनताको नाराको छायाँले तर्साइरहेको र लखेटिरहेको छ । भ्रम दिन उठाइएको स्वाधिनताको प्रश्न घाँडो बनेको छ र आफ्नै सह-कर्मीलाई राजकुमारी डायना बनाइदिन्छु भनेर धम्की दिन थालेको छ । प्रचण्ड बहुमतको दम्भले "मैले जे गरे पनि हुञ्छ" भन्ने भ्रम परेको छ र १५सालको दुइ तिहाइको सरकार २२ महिनामै जेल परेको र नेपाली जनताले साथ नदिएको र विद्रोह नगरेको नेपालको आफ्नै इतिहास भुलेको छ । पहिला पहिला हजार-लाख र करोडमा खाइने कमिशन र हुने भ्रष्टाचार अहिले अरबमा हुन थालेको छ । एनसेल काण्ड, वाइडबडी काण्ड, सुनकाण्ड, गोकर्ण रिसोर्टलगायत यति ग्रुप काण्ड त नमुनाकाण्डमात्र भएका छन् । आगामी चुनाव जित्न कमिशन, लुट र भ्रष्टाचारले गर्दा पारीको हिमाल हेर्दा अगाडिको खाल्टोमा परेर सरकार डुब्न लागेको छ । महङ्गीले जनता आक्रान्त परेका छन् र यो सराकारले केहि गर्छकि भन्ने आश समाप्त भएको छ र विद्रोहको ज्वालामुखी फुट्न खोज्दैछ । यसबाट अत्तालिएर सरकार विष्फोट हुने मुख थुन्न खोज्दैछ त्यसले झन् विष्फोटका नयाँ-नयाँ केन्द्र बन्न खोजेको पत्तै पाउन छोडेको छ । यि नै केपी ओली हुन् आफु प्रतिपक्षमा हुँदासमेत, पश्चिमबाट घाम झुल्किन्छ, वार्षिक १ खरब २० अरब आम्दानी हुन्छ भनेर महाकाली सन्धि गर्ने, देउवा सरकारमा हुँदासमेत ताप्केभन्दा पहिला बिड तातेर मनमोहनलाई विरामी बनाएर देवराज घिमिरेजस्ता बुख्याँचालाई अगाडि सारेर आफ्नै पार्टी फुट्ने शर्तमा समेत सन्धि सम्झौता गर्ने । भारतले पानी लगेको लग्यै भयो सट्टामा बर्दियामा दिन्छु भनेको जमिन पनि बाँध बनाउँदा मिचेको जमिन अझसम्म नेपालले पाउन सकेको छैन । विश्व बैंकका गलत शर्तलाई अस्वीकार गरेको प्रचार गर्ने ओली एण्ड कम्पनीले अरुण तेश्रो जस्तो सस्तो जलविद्युत् परियोजना, तावाको तापले उफ्रेको माछा आगोको भुङ्ग्रोमा खसेजस्तै भारतीय विस्तारवादलाई सुम्पेको छ आँफैले नबनाएर । हार विनाको हिरा, संसारको सबैभन्दा सस्तो माथिल्लो कर्णाली परियोजना, नक्कली भारतीय कम्पनी जी.एम. आरलाई सुम्पेर गाइ मारेर गधा पोसेको छ । बिजुली भारतको प्राथमिकता हैन पानी नछोड्ने विस्तारवादी दाउ कर्णालीमा छताछुल्ल पोखिएको छ । अमेरिकी सहायक विदेशमन्त्रीले भनिसकेको मिलेनियम च्यालेन्ज कर्पोरेसन, इण्डो प्यासिफिक, स्ट्राटेजीको अङ्ग हो सहयोग लिने नलिने तिम्रो खुसीभन्दा समेत हैन यो विशुद्ध विकास सहयोग हो भनेर नेपाली लेण्डुप उफ्रेको देख्दा उदेक लाग्छ । देख्नेका आँखा फुटे सुन्नेको सहि भन्ने नेपाली उखान यस्तैलाई लागु हुन्छ । हामीलाई कसैको पक्ष लिनु छैन । चौतर्फी नाकाबन्दी बेहोरेको इरानले त इराकमा क्षेप्यास्त्र हानेर अमेरिकालाई बाबुको दुहाइ दिएको छ भने संसारको महाशक्ति बन्ने दाउमा रहेको चिनको परिधिभित्र नेपालमा सैन्य क्याम्प राखेर अमेरिका बस्यो भने चुप लागेर बस्छ ? चिनका खसुनूकी अमेरिकाका बम गोला खस्दा हिरोसिमा र नागासाकी बन्ने त हाम्रै भू-भागमा हो नि ? यस्ता गलत शर्त राखेर तराइका किसानले मिटर ब्याजमा ऋण लिएर आफैँ सुकुम्बासी बन्ने काम गरे झैं साम्राज्यवादको दलाली गरेर सत्तामा सधैँभरि टिक्ने दुस्स्वप्न नदेख्दा हुन्छ। यो सरकारको दोश्रो विश्वयुद्धताका नेपाली जनताले घाँस दाउरा गर्दा वन-पाखामा गाएको गित "खोला-खोला नहिड्नु होला अमेरिकाले खसाल्ला बम गोला" भन्ने जतिपनि दूरदृष्टि छैन । सधैँभरि सत्तामा बस्छु भनेर भूइँको टिप्न खोज्दा पोल्टाको पोखिन लागेको पत्तो पाएको छैन ।

समस्याहरू सबैतिर छन् तर एक पटकमा एउटा मुख्य समस्या हुन्छ र त्यसलाई हल गर्दै अरु समस्याका गाँठाहरू फुकाउँदै जानु द्वन्द्वात्मक भौतिकवादी विज्ञानको नियम हो । कुनै स्वार्थ नराखि सत्ताको सुख भोगको लालसा नराखि, संसारो घाम नअस्ताउने बेलायती साम्राज्यवादलाई समेत हराएर ऐलेसम्म सार्वभौमिक सत्तालाई अक्षुण्ण राख्ने वीर पुर्खाहरू बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापा, कप्तान उजीर सिंहहरूबाट प्रेरणा लिँदै देसभक्त नेपालीहरू एकजुट भएर पश्चगामी दिशातिर होइन सङ्घीय जनगणतन्त्रको दिशातिर अगाडि बढ्ने प्रगतिशील सोच राखेर एक ढिक्का हुनु आजको आवश्यकता हो । एङ्गेल्सले भनें' भैंऽ " सम्पुर्ण उत्पीडितहरू उपयुक्त मौका पाउनमा उत्पीडकहरूको विरुद्ध अग्रिम मोर्चामा आएर लड्दछन्" भन्ने भनाइको हामीलाई एकदमै जरुरी छ । राष्ट्रिय स्वाधिनतालाई केन्द्रमा राखेर अरु विषयहरू, महङ्गी, भ्रष्टाचार, कमिशनखोर, दमन, धरपकड, बोल्ने, लेख्ने, सभा, सङ्गठन गर्न पाउने हकको ग्यारेण्टी अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिततालाई जोडेर अगाडि बढ्नु पर्दछ । देश नै नरहेपछि अरु स्वतन्त्रता, अधिकार, बोल्ने कुरा, राजनीति गर्ने, सङ्गठन गर्ने, पार्टी खोल्ने कुरा नै कहा' रहन्छ ?आज सिक्किममा सिक्किमका आफ्नै पार्टी कहा' छन् ? भारतीय शाखा पार्टीहरू मात्र हुन्छन् नाम सिङ् नभएको गोरुलाई तिखे राखे जस्तै जे नाम राखे पनि के अर्थ र ? आज देसलाई वीर देशभक्तहरूको खा'चो छ । गर्ने भन्ने हनुमान् जस पाउने ढेडु भने भैं', बिट्रिस इण्डियाका दलाल चन्द्रशेखर उपाध्याय र गजराज मिश्रजस्ता सुगौली सन्धिमा नेपालीहरूको मानमर्दन गरेर घु'डा टेकेर किस्तीमा सम्झौतापत्र बुझाउने पात्र चहिएको छैन । सार्वभौमसत्ता सम्पन्न, राष्ट्रिय स्वाधिनता, क्षेत्रीय अखण्डताले भरिपूर्ण सिङ्गो नेपाल चाहिएको छ । त्यहि प्राप्तिको लागि नेकपा(क्रान्तिकारी-माओवादी) को हालै सम्पन्न केन्द्रीय समितिको बैठकले मिल्न सकिनेजति शक्तिसित कार्यगत एकतासमेत गरेर कालापानीसम्म जाने सीमा जागरण अभियानसहितका कार्यक्रम बनाएको छ । त्यसलाई पुरा गर्नु अहिलेको आवश्यकता हो ।










उहाँको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाई अन्तिम श्रद्धाञ्जली गरेका थिए ।

*यस्तो छ वक्तव्यको पूर्णपाठः*

**विषय : शोक वक्तव्य**

हाम्रो गौरवशाली पार्टी नेकपा( क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशका सल्लाहाकार क. विष्णु स्याउलाको आज विहान काभ्रेस्थित बनेपाको हस्पीटलमा दुःखद र असामयिक निधन भएको छ । वहाँको निधनले क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा ठुलो क्षति पुगेको छ । वहाँ केही महिना अगाडिदेखि फोक्सोको टि.बिको विरामी भई उपचारमा हुनुहुन्थ्यो । निरन्तर उपचारको बाबजुद आज विहान वहाँको ६८ वर्षको उमेरमा असमायिक र दुःखद निधन भएको छ । वहाँको निधनप्रति हाम्रो पार्टी गहिरो दुःख प्रकट गर्दै वहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ र यस दुःखद निधनले शोकाकुल वहाँको परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

वि.सं. २००८ कार्तिक १५ गते बुवा गणेशदास स्याउला र माता सुन्दरी स्याउलाको कोखबाट जन्मनु भएका कमरेड विष्णुदास स्याउलाको दुई भाइ छोरा र बुहारीहरू तथा नातिनातिनाहरू छन् । वहाँ वि.सं. ०३६ सालमा क. शम्भुराम श्रेष्ठको सम्पर्कबाट कम्युनिष्ट आन्दोलनमा समाहित हुनु भएको र ०५८ सालमा मालेमा केन्द्रको पोलिटव्युरो सदस्य तथा ०६४ सालमा एनेकपा(माओवादी) र पछि नेकपा-माओवादीका केन्द्रीय सल्लाहाकार रहनु भएको थियो भने हाल वहाँ नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशको सल्लाहाकार समिति सदस्य हुनुहुन्थ्यो ।

*प्रवेश*
*सेक्रेटरी*

## क्रान्तिकारी...

कार्यक्रमकै सिलसिलामा सुनवल-७ र ८ नम्बर वडामा कार्यकर्ता भेटघाट सम्पन्न गरिएको छ । शनिवार सो पार्टीका जिल्ला सेक्रेटरी चोला , प्रदेश सदस्य समर र लालसिंहलागयतले नेता कार्यकर्ता तथा शुभेच्छुक सम्मलाई भेटघाट गरेका थिए । अभियानकै क्रममा सुनवल-७ अस्नैयामा क्रान्तिकारी माओवादीको बैठक समेत सम्पन्न भएको छ । बैठकले १४ गते नगरको बृहत भेला गर्ने निर्णय गरेको लालसिंहले बताए । त्यस्तै माघ १३ गते बर्दघाट नगर भेला आयोजना गरिएको बर्दघाट नगर सेक्रेटरी क्रान्तिले जानकारी दिए ।

## सशक्त...

"एमसीसी सदनबाट पास गरियो भने नेपाल रणभूमिमा परिणत हुन्छ, नेपाल नै नहरने स्थिति पैदा हुन सक्छ ।" नेता गजुरेलले एमसीसी कुनैपनि हालतमा पास गर्न नदिन पनि सांसदहरूलाई आव्हान गरे ।

नेपालै नरहे हामी कहाँ रहन्छौं भन्ने गम्भीर प्रश्न गर्दै अध्यक्ष गजुरेलले नेपालका दलाल शासकहरूका कारण नेपालै गुम्ने खतरा पैदा भएकोले देशको स्वाधीनता रक्षाका लागि सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिहरू एकजुट भएर सडकमा उत्रनु पर्ने आवश्यकतामाथि जोड दिए । नागरिक स्तरबाट समेत नक्सा जारी गरेर सरकारलाई आफ्नो देशको नक्सा जारी गर भनेर दबाब दिंदा पनि सरकारले नक्सा जारी नगरेको प्रसंग कोट्याउँदै नेता गजुरेलले भने, "आफ्नो देशको नक्सा समेत जारी गर्न नसक्ने कस्तो लाछी र दलाल सरकार हो यो ? देशको जमिनको रक्षा गर्न नसक्ने सरकारले एक मिनेट पनि सरकारमा बस्ने नैतिक अधिकार छैन ।"

विरोधसभामा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा मालेका महासचिव सीपी मैनाली लगायतका नेताहरूले पनि राष्ट्रिय स्वाधीनताका लागि एकताबद्ध भएर प्रतिरोध आन्दोलन उठाउन गर्नुपर्ने आवश्यकतामाथि जोड दिएका थिए ।

नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालसहित आठ दल र पाँच संघ संस्थाले वैदेशिक हस्तक्षेपका विरुद्ध विरोध सभा सम्पन्न गरेका हुन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा मसाल, नेकपा माले, राष्ट्रिय जनमोर्चा, नेकपा (माओवादी केन्द्र), जनसमाजवादी पार्टी नेपाल, नेकपा (संयुक्त), सर्वहारा नेकपा (माओवादी) र संघ संस्थाहरूमा एमसीसी सम्झौता खारेज अभियान, पुष्पलाल अध्ययन समाज, राष्ट्रिय पुनर्जागरण अभियान, राष्ट्रिय जागरण परिषद् नेपाल, कर्णाली बचाउ अभियानले संयुक्त रूपमा आयोजना गरेको सभालाई आयोजक दल र संघ संस्थाका नेताहरूले सम्बोधन गरेका थिए ।

नेपाली भूमि कब्जाको विरोध तथा एमसीसी सम्झौता खारेजी निम्ति आयोजना गरेको उक्त सभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा (माले)का महासचिव सीपी मैनालीका अतिरिक्त नेकपा (माके)का अध्यक्ष गोपाल किर ा'ती, नेकपा (संयुक्त)का नेता चन्द्रदेव जोशी, एमसीसी खारेज अभियानका संयोजक नारायण शर्मा, पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराई, राष्ट्रिय जागरण परिषद् नेपालका नेता हेमन्त सेढाई, कर्णाली बचाउ अभियानका भरतबहादुर शाही, सर्वहारा नेकपा (माओवादी)की संयोजक भावना विद्रोही लगायतले भारतले कब्जा गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका अतिक्रमित भूमि फिर्ता गराउनुपर्ने तथा राष्ट्रघाती एमसीसी खारेज गर्नुपर्ने विचार व्यक्त गरेका थिए । भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको नेपालमा हस्तक्षेप बढेर गएको भन्दै वक्ताहरूले राष्ट्रिय स्वाधीनताको लागि दलभन्दा माथि उठेर वृहत् राष्ट्रिय एकता कायम गरी सशक्त संयुक्त वृहत् राष्ट्रिय राजनीतिक आन्दोलन उठानका निम्ति जोड दिएका थिए । नेता चन्द्रदेव जोशीको अध्यक्षतामा सम्पन्न भएको विरोध सभाको सञ्चालन नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले गरेका थिए ।

## अखिल...

बढाउँदै संगठन सुदृढिकरण तथा विस्तारलाई पनि जोड दिने निर्णय गरेको बताइएको छ ।

भारतले कब्जा गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानी फिर्ताको मागसहित एमसीसी खारेजीको अभियान तथा आन्दोलनमा सक्रियतापूर्वक सहभागी हुने निर्णय गरेको छ । बेठकले फागुनमा हुने स्ववियु निर्वाचन पनि उपयोग गर्ने निर्णय गरेको छ ।

## राष्ट्रिय...

पोखरा, बुटवल, सुर्खेत र धनगढीमा विरोधसभा गर्ने घोषणा गरेका छन् । यी कार्यक्रम पश्चात संयुक्त बैठक बसी आगामी कार्यक्रम घोषणा गरिने समेत जनाइएको छ । बैठकले कार्यगत एकतासम्बन्धी आचार संहिता समेत बनाएको जनाइएको छ ।

शनिबार नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णय र कार्यक्रम सार्वजनिक गर्न जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा उल्लेख गरिएको छ । वक्तव्यमा घोषित सङ्घर्षका कार्यक्रमहरूलाई सफल पार्न सम्पूर्ण न्यायप्रेमी, देशभक्त तथा जनतान्त्रिक जनसमुदायहरूलाई हामी हार्दिक अपील समेत गरिएको छ ।

यस्तो छ वक्तव्यको पुर्णपाठ

संयुक्त प्रेस वक्तव्य

१. भारतद्वारा नेपालको लिम्पियाधुरा, कालापनी, लिपुलेक क्षेत्र समेतको भूमि अतिक्रमण भएको र अमेरिकी साम्राज्यवादको हिन्द प्रशान्त रणनीतिअन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौताका विरुद्ध सङ्घर्ष भइरहेको स्थितिमा उक्त सङ्घर्षका कार्यक्रमहरूलाई व्यापक र सशक्त बनाउन २०७६ माघ ११ गते तपशीलमा उल्लेखित राजनीतिक दलहरूको बैठक नेकपा (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहको अध्यक्षतामा बस्यो । यो बैठकले गरेका निर्णय र कार्यक्रम सार्वजनिक गर्न यो संयुक्त प्रेस वक्तव्य जारी गरिएको छ । घोषित सङ्घर्षका कार्यक्रमहरूलाई सफल पार्न सम्पूर्ण न्यायप्रेमी, देशभक्त तथा जनतान्त्रिक जनसमुदायहरूलाई हामी हार्दिक अपील गर्दछौं ।

२. नेपाल-भारत सीमा क्षेत्रमा भारतले कैयौं ठाउँहरूमा नेपाली भूमि अतिक्रमण गरेको छ । पछिल्लो समयमा नेपालको लिम्पियाधुरा, कालापानी, लिपुलेक सहितको क्षेत्र भारतले आफ्नो नक्साभित्र पारेर नयाँ नक्सा जारी गरेको छ । त्यसका विरुद्ध देशका सबै राजनीतिक शक्ति, सङ्घ-संस्था र जनसमुदाय समेतले राष्ट्रिय एकता प्रदर्शन गरी उक्त अतिक्रमित भूमि फिर्ता गर्न सरकारलाई आह्वान गरे । तर, सरकारले उक्त भूमि फिर्ता गराउन प्रभावकारी कदम चालेन र अतिक्रमित भूमिलाई समावेश गरी नेपालको नक्सा जारी गर्न समेत सकेको छैन । उक्त अतिक्रमित भूमि फिर्ता गराउनका लागि व्यापक र सशक्त सङ्घर्ष गर्न हामी सहमत भएका छौं ।

३. अमेरिकी साम्राज्यवादको हिन्द-प्रशान्त रणनीतिको अङ्गको रूपमा रहेको मिलेनियम च्यालेन्ज कर्पोरेश (एमसीसी) सम्झौता नेपालको राष्ट्रिय हित, राष्ट्रियता, सार्वभौमिकता र स्वतन्त्र एवं असंलग्न परराष्ट्र नीतिको समेत विरुद्ध छ । उक्त सम्झौतालाई खारेज गर्न सरकारसँग माग गर्दछौं । उक्त सम्झौतालाई संसदबाट अनुमोदन नगर्न आह्वान गर्दछौं । सबै देशभक्त जनसमुदायहरूलाई उक्त एमसीसी सम्झौताको विरुद्ध राष्ट्रिय एकताको लागि सङ्घर्ष गर्न आह्वान गर्दछौं ।

४. सङ्घर्षको कार्यक्रम : आगामी माघ २४ गते हरेक प्रदेशका - काठमाडौं, विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा विरोधसभा गर्ने निर्णय भएको छ । यी कार्यक्रम पश्चात संयुक्त बैठक बसी आगामी कार्यक्रम घोषणा गरिने छ ।

५. बैठकले यो कार्यगत एकतासम्बन्धी आचार संहिता पनि निर्माण गरेको छ ।

सम्बद्ध राजनीतिक दलहरू

१. मोहनविक्रम सिंह, महामन्त्री, ने.क.पा. (मसाल)

२. मोहन बैद्य (किरण), महासचिव, ने.क.पा. (क्रान्तिकारी-माओवादी)

३. सीपी मैनाली, महासचिव, ने.क.पा. (माले)

४. चित्रबहादुर के.सी., अध्यक्ष, राष्ट्रिय जनमोर्चा

५. सी.पी. गजुरेल, अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा

६. ऋषि कट्टेल, अध्यक्ष, ने.क.पा.

७. गोपाल किराती, अध्यक्ष, ने.क.पा. (माओवादी केन्द्र)

८. सुभासराज काफ्ले, अध्यक्ष, जनसमाजवादी पार्टी नेपाल


९. महेन्द्र शर्मा, सहसंयोजक, राष्ट्रिय जागरण परिषद्

## पार्टीद्वारा...

अस्पतालमा मंगलबार उपचारको क्रममा निधन भएको हो । पार्टीको पूर्व केन्द्रीय सल्लाहकार तथा हाल ३ नं. प्रदेशका सल्लाहकार स्याउलाको ६८ वर्षको उमेरमा असामयिक निधन भएको भन्दै पार्टीका ३ नं. प्रदेशका सेक्रेटरी प्रवेशले मंगलबारै एक शोक वक्तव्य जारी गरी सल्लाहकार स्याउलाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

उहाँको निधनप्रति गहिरो दुःख प्रकट गर्दै पार्टीले शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना समेत प्रकट गरेको छ । स्याउलाको निधनबाट नेपालको कम्युनिस्ट क्रान्तिकारी आन्दोलनमा ठूलो क्षति पुगेको जनाएको छ । वि.सं. २००८ कार्तिक १५ गते बुवा गणेशदास स्याउला र माता सुन्दरी स्याउलाको कोखबाट जन्मनु भएका कमरेड विष्णुदास स्याउलाको दुई भाइ छोरा र बुहारीहरू तथा नातिनातिनाहरू छन् । वहाँ वि.सं. ०३६ सालमा शम्भुराम श्रेष्ठको सम्पर्कबाट कम्युनिष्ट आन्दोलनमा समाहित हुनु भएको र ०५८ सालमा मालेमा केन्द्रको पोलिटव्युरो सदस्य तथा ०६४ सालमा एनेकपा(माओवादी) र पछि नेकपा-माओवादीका केन्द्रीय सल्लाहाकार रहनु भएको थियो भने हाल वहाँ नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशको सल्लाहाकार समिति सदस्य हुनुहुन्थ्यो ।

उहाँको मंगलबारै पनौतीघाटमा अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको छ । पार्टी पीवीएम तथा प्रदेश सचिव प्रवेश लगायतका नेताहरूले



प्रेस : विज्ञप्ति

मिति २०७६/१०/११

उपरोक्त सम्बन्धमा पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका -४ को निवासी मेगराज पाण्डे (आकाश) नेत्र बिक्रम चन्द विप्लव नेतृत्वका नेकपाको जिल्ला कमिटी सदस्य रही आएको कुरा यहाँहरु माझ राख्न चाहन्छु । वि.स.२०६९ सालमा प्रचण्ड नेतृत्वमा रहेको तत्कालिन एमाओवादीले राष्ट्रघात जनघात गर्दै घोर दक्षिणपन्थी संशोधनवादी किलामा आफूलाई उभ्याएपछि हामीले सोही बेला नेकपा-माओवादीमा गठन गरेर सचेत ढंगबाट संगठित हुदै आएका थियौ । नेपालमा जनवादी क्रान्ति यही नेतृत्वमा हुन्छ भन्ने विस्वस्त हुदै तत्कालिन नेकपा-माओवादी प्रति हामी आवद्ध रही आएका थियौ । सोही क्रमसगै विप्लवले नेकपा -माओवादीबाट विद्रोह गरेपछि क्रान्ति अवश्यम्भावी छ भन्ने उद्धेश्यले विप्लव नेतृत्वको नेकपामा सक्रिय हुदै आएको कुरा यहाँ स्मरण गर्दछु । विप्लव नेतृत्वको नेकपाको एकीकृत जनक्रान्तिले सर्वहारावर्गको हित नगरी मध्यमवर्गीय तप्कालाई प्राथमिकतामा राखेकोले सो पार्टीको विचार नीतिसंग सहमत हुन नसकेको कुरा यसै विज्ञप्ति मार्फत सार्वजनिक गर्न चाहन्छु ।

अन्त्यमा नेपालको क्रान्तिको मोडल नयाँ जनवादी क्रान्ति नै हो भन्ने ठम्याईमा पुगेको ब्यहोरा यहाँहरु माझ राख्दै विप्लव नेतृत्वको नेकपा परित्याग गरी मोहन वैद्य किरण नेतृत्वको नेकपा ( क्रान्तिकारी माओवादी ) मा प्रवेश गरेको कुरा यसै प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्दछु । साथै विभिन्न वामपन्थी भनिने पार्टी तथा कम्युनिष्ट पार्टीमा भयवस अल्झिएर रहनुभएका नेता कार्यकर्ताहरुमा नेपालमा क्रान्तिको मियो क्रान्तिकारी माओवादी नै रहेको जानकारी गराउदै यस पार्टीमा धुर्वीकृत हुन आव्हान गर्दछु ।

मेगराज पाण्डे (आकाश)

# राष्ट्रिय स्वाधीनताको रक्षा गरौं !
# राष्ट्रियता, जनतन्त्र र जनजीविकाका निम्ति संघर्ष गरौं !!
# कालापानी-लिपुलेक-लिम्पियाधुरा लगायत सीमा बचाऔं अभियान सफल पारौं !!!

आदरणीय जनसमुदाय,

- सन् १८१६ मा नेपाल-इस्टइन्डिया कम्पनी बीच भएको सुगौली सन्धिमा काली नदीदेखि पश्चिमका भूभागमा नेपालले दावी गर्न नपाउने उल्लेख छ । सन् १८२७ मा इस्टइन्डिया कम्पनीले लिम्पियाधुरालाई काली नदीको मुहान मानी काली नदी सीमाना बनाएर भारतको नक्सा तयार गरेको थियो । वि.सं. २०१८ सालमा उक्त भूभागमा नेपालबाट जनगणना गरिएको, त्यहाँका जनतालाई जग्गाको लालपुर्जा वितरण तथा नागरिकता दिइएको स्थिति थियो । सन् १९६२ मा भारत चीन युद्धमा भारतीय सेना पछाडि हट्ने क्रममा अस्थायी रुपमा कालापानीमा आएर बसेको थियो । तर कालापानीबाट आजसम्म पनि सेना फर्केको छैन । झन उल्टो स्थायी क्याम्प बनाएर नेपालको कालापानी-लिपुलेक-लिम्पियाधुरा कब्जा गरी बसेको छ । भारतले नक्सा प्रकाशन गर्दा नेपालको कालापानी-लिपुलेक-लिम्पियाधुरालाई पनि भारतको नक्साभित्र गाभेको छ । साथै १९५० लगायतका असमान सन्धिसम्झौता, नदीनालाहरुमाथि भारतीय विस्तारवादी हस्तक्षेप, नागरिकता, हजारौं प्रतिशतको व्यापार घाटा जस्ता राष्ट्रियताका मुद्दाहरु आज झन् गंभीर बनेका छन् ।

- विगत पंचायत कालदेखि अहिलेसम्मका नेपालका सत्तासीन शासकहरुबाट भारतीय विस्तारवादद्वारा अनाधिकृत रुपमा कब्जा गरेको उक्त भूभाग फिर्ता लिन कुनै पहल गरेको छैन । विगत दुई वर्षदेखि ने.क.पा.(क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशमा सर्वत्र प्रयोग भइरहेको भारतद्वारा प्रकाशित गलत नक्सा जफत गरी सही नक्सा प्रयोग गर्न र कालापानीबाट भारतीय सेना हटाउन तथा ७१ ठाउँमा नेपालको सिमाना मिचिएको सम्पूर्ण भूभाग फिर्ता गर्न आन्दोलन गर्दा ओली सरकार मुखमा बुझो, कानमा कपास र आँखामा पट्टि बाँधेर बसेको थियो । ओली सरकारले अहिले आएर लिम्पियाधुरा नेपालकै रहेको भनेर झारा टार्ने काम मात्र गरेको छ । यस्तो गंभीर तथा संवेदनशील विषयका बारेमा अविलम्ब प्रधानमन्त्री स्तरबाट कूटनीतिक पहल हुनु पर्दछ र यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न ढिला गर्नु हुँदैन । भारतलाई नक्सा सच्याउन लगाउन र भारतीय सेनालाई फिर्ता पठाउन सशक्त दवाव सृजना गर्नु पर्दछ ।

- अमेरिकी साम्राज्यवादको सैन्य रणनीतिसँग सम्बन्धित हिन्द प्रशान्त रणनीतिकै अंगको रुपमा रहेको मिलेनियम च्यालेन्ज कर्पोरेसन (MCC) परियोजनाको परराष्ट्र मन्त्रालय स्तरमा सम्झौता गरेको छ र यस मार्फत् नेपाललाई ५० करोड डलर दिने कुरा आएपछि ओली सरकार र्‍याल चुहाउँदै संसदबाट जसरी पनि अनुमोदन गरेर उक्त पैसा लिन मरिहत्ते गरिरहेको छ र यसलाई नेपाली कांग्रेसले पनि साथ दिइरहेको छ । जबकि उक्त पैसा लिनका लागि नेपालको संविधान MCC मातहत रहनु पर्ने सर्त रहेको छ र अन्ततः नेपाललाई अमेरिकाको फौजी अखडा बनाइने कुरामा कुनै शंका छैन । चीनलाई घेर्ने रणनीतिसहित आएको यस योजनाले नेपाललाई रणभूमि बनाउने छ । यस्तो संवेदनशील विषयलाई एकातिर पन्छाएर पैसामा र्‍याल चुहाउनु हद दर्जाको अनैतिक तथा राष्ट्रघाती काम हो ।

- राष्ट्रिय स्वाधीनताको यस्तो हालत छ भने अर्कोतिर आन्तरिक राष्ट्रियता पनि गंभीर संकटमा छ । सबै उत्पीडित आदिवासी जनजातिमाथिको उत्पीडन यथावत जारी राखिएको छ । उनीहरुको पहिचानसहितको संघीयताको मुद्दालाई पुरै बेवास्ता गरिएको छ । आदिवासी जनजातिको आदिथलो, भाषा, कला, संस्कृतिलाई नामेट पार्ने दिशामा राज्य लागि परेको छ । ३ नं. प्रदेशको नाम पहिचान झल्किने नेवाः ताम्सालिङ, जुन यथार्थमा पहिचान होइन, भएपनि राखियोस् भन्ने आम आदिवासी जनजातिहरुको माग र भावनालाई कुल्चेर वागमती प्रदेश नामांकरण गरेको छ । त्यसै गरी ४ नं. प्रदेशलाई गण्डकी, ७ नं.प्रदेशलाई सुदुरपश्चिम नामांकरण गरी पहिचानलाई मेटाउने काम गरेको छ ।

- आज देशमा बेरोजगारीले गर्दा दैनिक सयौं युवाहरु विदेशमा पलायन भइरहेका छन् र कुल्ली बन्न बाध्य बनाइएका छन् । देशमा कार्यरत मजदुरहरुको रोजगारीको ग्यारेन्टी छैन । रोजीरोटी तथा हक अधिकारका लागि संघर्ष गर्न उनीहरुमाथि प्रतिबन्ध छ । किसानहरुले राज्यबाट कुनै सहुलियत पाएको अवस्था छैन । उत्पादित वस्तुको लागि बजार र मूल्य छैन । स्वास्थ्य तथा शिक्षामा व्यापारीकरण र माफियाकरण गरिएको छ । गरिब जनताका छोराछोरीहरु उचित स्वास्थ्य र शिक्षाको पहुँचबाट टाढा पारिएको छ । आज महंगी, भ्रष्टाचार र तस्करी संस्थागत गरिएको छ । देश र जनता जीवन मरणको दोसाँधमा छटपटाउन बाध्य पारिएको छ ।

सारमा आज देशै रहने वा नरहने, जनता आफ्नै देशमा बाँच्न पाउने वा नपाउने, उत्पीडित आदिवासी जनजातिले आफ्नो आदिथलोमा पहिचान जोगाउन पाउने वा नपाउने, युवाहरुले आफ्नै देशमा मेहनत गरी पसिना बगाउन पाउने वा नपाउने आदि आदि गंभीर प्रश्नहरु देश र जनताका अगाडि तेर्सिएका छन् । सत्ताधारी, संसदवादी र प्रतिक्रियावादीहरुले यसका नकारात्मक जवाफ व्यवहारमा दिइरहेका छन् । यो देश जनताको हो, मुट्ठीभरका दलाल, नोकरशाह र सामन्तहरुको होइन । आज विदेशी हस्तक्षेपकारीहरुलाई देशबाट लखेट्न, भ्रष्ट दलाल तथा नोकरशाह र सामन्तहरुलाई ठेगान लगाउन, देशलाई स्वाधीन तथा स्वतन्त्र बनाउन, जनतन्त्र तथा जनजीविकाका समस्या हल गर्न नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न जनता एक पटक उठनै पर्ने भएको छ । यसको तयारीका लागि हामी कालापानी-लिपुलेक-लिम्पियाधुरा लगायत सीमा बचाऔं अभियानसहित तपाईंहरुको घर आँगनमा आइरहेका छौं । यसमा तपाईंहरुको साथ र सहयोगका लागि सविनय अनुरोध गर्दछौं । धन्यवाद !

मिति : २०७६ माघ १५

**ने.क.पा.(क्रान्तिकारी माओवादी), केन्द्रीय समिति**
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, केन्द्रीय समिति**

## कथा

# सपना

● इस्माली

उनीहरू अर्थात् क्रान्ति, विप्लव, सङ्ग्राम र विकल पर्चापोस्टर लेख्न व्यस्त थिए क्रान्तिको कोठामा । विप्लवले यतिञ्जेलसम्म पाँच वटा चार्ट पेपरमा ‘नयाँ जनवादी क्रान्ति– जिन्दावाद’ लेखिसकेको थियो ,त्यो पनि पाँच किसिमको लिखतमा । कुनैमा देब्रे हातले लेख्थ्यो त कुनैमा दाहिने हातले त कुनैमा कुनै अक्षर देब्रेले त कुनै दाहिनेले । विकलको कुरो बेग्लै थियो,मार्करले लेख्दा र बलपेन वा डटपेनले लेख्दा अक्षरै बेग्लै हुन्थ्यो,कसैले भेउ नै पाउँदैनथ्यो । सङ्ग्रामको अक्षर छापाको जस्तो थियो ,कसैले शङ्कै गर्दैनथ्यो । क्रान्तिको अक्षर थियो कागले छेरेजस्तो,कापीमा पनि र चार्टपेपरमा पनि । लेख्न त उनीहरू सबले सब किसिमका नारा लेखे– नयाँ जनवादी क्रान्ति जिन्दावाद,यथास्थितिवाद मुर्दावाद,नव संशोधनवाद मुर्दावाद,साम्राज्यवाद मुर्दावाद,विस्तारवाद मुर्दावाद,जनताको शक्ति जिन्दावाद,देशका जनता एक होऔँ आदि । लेखेर सुकेकाजति चार्टपेपर उनीहरूले छ्यासमिस पारेर मिसाए अनि कसले लेखेको भनी चिन्ने प्रयास गरे । कुनै ठ्याक्कै चिनियो ,कुनैमा झुक्कियो तर क्रान्तिले लेखेको भने ठ्याक्कै चिनियो । क्रान्तिले खुशी हुँदै भन्यो,’ देख्यौ त, मेरो लिखत कति युनिक छ ! ’

’त्यो त हामीले मानेकै छौं नि, क्रान्ति कमरेड ।’अरुहरूले एकै स्वरमा भने । त्यसपछि उनीहरूले ती पोष्टरहरू सबै लिखत सबै पोकामा पर्नेगरी तीन भाग लगाएर बेग्लाबेग्लै मुठा पारे । अनि दराजको चेपमा लुकाए । त्यसपछि राति नौ बजे भेटने भनेर उनीहरू छुट्टिए । क्रान्ति भान्सामा गयो । भात पाकेको थिएन । फेरि कोठामा फर्क्यो । उसको आँखा दराजको चेपमा भर्खरैमात्र राखेको पोष्टरमा अडियो । ती पोष्टरको सम्झनासँगै उसको मनमस्तिष्कमा वर्षौ अघिको एउटा दिन सजिव भएर ओर्लियो –

तिनताका पनि उनीहरू चार जना थिए । ऊ, भवनाथ,बिन्देश्वर र कन्हैया । क्याम्पसमा पढथे र एउटै डेरामा बस्थे । उनीहरू एउटै सेल कमिटिमा आबद्ध थिए । सेल कमिटिका संयोजक थिए – पदम । तर पदम उनीहरूसँग बस्दैनथे,कक्षा लिने बेलामा टुप्लुक्क आइपुग्थे ,कक्षा लिन्थे र हिडिहाल्थे । एक दिन पदमले भने,‘ सबै कमिटिले आआफ्नो क्षेत्रमा प्रचारात्मक पोष्टरपर्चा गोप्य रूपमा छर्नेटाँस्ने काम साता दिनभित्र गर्नू भन्ने पार्टीको सर्कूलर छ ।’ यो काम नगर्ने समितिलाई पार्टीको सदस्यता नदिइने,सदस्य बनिसकेकालाई सस्पेण्ड गरिने उर्दी पनि उनले सुनाए । उनीहरू बडो उत्साहका साथ पोष्टर लेख्न लागे । चार्ट पेपरकोभन्दा ठूलाठूला पाना भएका पुराना पत्रिकाहरूमा गाढा रातो रङले परैबाट पढन सकिने अक्षरमा पार्टीले तोकिदिएको नाराहरू लेखे –सामन्तवाद मुर्दावाद,राजतन्त्र मुर्दावाद, नेपाल कम्युनिष्ट पार्टी जिन्दावाद ..आदि । तीनचार दिन लगाएर उनीहरूले तीस वटा जति पोष्टर तयार पारे । टाँस्न हिंडने भनी तोकिएको दिन आए पछि अचानक उसलाई ज्वरो आइदियो,कामजरो । हिंडनेबेलामा उसको अनुहार तामाझैँ रातो भएको र ओठमुख काँपिरहेको देखेर कन्हैयाले सोध्यो,‘ क्रान्ति,तिमीलाई सञ्चो छैन कि क्या हो ?’ भवनाथले निधार छाम्दै भन्यो, ‘ए , हो त ! साथी तिमी कोठैमा बस ।’ ऊ झनझन काँप्न लाग्यो । काँप्दै सोध्यो, ‘अनि मेरो सदस्यता ?’ ‘त्यसको जिम्मा म भएँ । यस काममा तपाईंको पनि त योगदान छ नि ।’ समूह नेता पदमले भने । र ऊ थर्थरी काँप्दै कोठैमा बस्यो । त्यो रात पनि औँसीकै रात थियो । ढोका ढ्याम्म पाऱ्यो तर भित्रबाट छेस्किनी लगाएन, साथीहरू कतिखेर फर्कने हुन् ,मस्त निदाएको बेला पऱ्योभने के गर्नु साथीहरूलाई अप्ठ्यारो पर्छ भन्ठानेर । कोठामा त बस्यो तर निदाउन सकेन,घरिघरि काँप छुटिरहन्थ्यो ।

तिनताका देशमा पञ्चायती राज्यको अधिनायकी शासन थियो ,पढने कलेजमा मण्डले विद्यार्थीहरूको चकचकी थियो । पञ्च हुन नचाहनेहरू सबै अ.त.मा दरिन्थे । गाँउ शहर सबैतिर पञ्चहरूको दबदबा थियो । नहुनेहरू त त्यसै नहुने भैहाले ,कतिपय हुनेखानेहरूले पनि चैनको सास फेर्न पाएका थिएनन । समाजमा मुठ्ठीभर मान्छेलाई मात्र सुखचैन र ऐशोआराम मिलेको थियो । यस्तो विभेदले उसको मन भतभती पोल्थ्यो । त्यसैले ऊ बहुजन सुखाय बहुजन हितायको सपना देख्न थाल्यो । अनि ऊ आफूजस्तै सपना देख्ने साथीहरूको खोजीमा लाग्यो । बल्लतल्ल गोडा दुएक साथी भेट्यो । ती भन्थे – सर्वे भवन्तु सुखिन,सर्वे सन्तु निरामया । तर कोठामा न भात पकाउन अघि सर्थे न भाँडा माझ्न । श्रमै नगर्नेले कसरी सुख देलान र भन्ने लागेर तीसँग सहकार्य गर्न उसको मनले मानेन । ऊ मनमिल्दा साथीको खोजीमा फेरि पनि भौंतारिन थाल्यो र बल्लतल्ल भेट्यो भवनाथ र कन्हैयालाई । कन्हैयाले भेट्यो बिन्देश्वरलाई र भवनाथले फेला पाऱ्यो पदमलाई । र यसरी थालनी भयो उनीहरूको सहयात्रा । यो सहयात्राले उनीहरूलाई डोऱ्यायो पार्टी सङ्गठनसम्म । साथी र सङ्गठनको न्यानोमा कुन सड्को ऊ स्वप्नलोकमा विचरण गर्न थाल्यो पत्तै पाएन । यो स्वप्नलोकको यात्रा शुरुशुरुमा त उत्साहप्रद नै रह्यो ।

एक अँगालो पोष्टर बोकेर ऊ दिउँसै जण्ड घाममा किसान र श्रमिक बस्तीमा हिंडेको थियो पोष्टर टाँस्न । किसान मजदुरहरू निकै उत्साही भएर टाँसेको पोष्टर हेर्दै थिए । बाटामा एक जना प्रहरीसँग पनि भेट भयो उसको । प्रहरीले खुशी हुँदै हात मिलाउँदै सचेत गरायो,‘ गुप्तचरको फेला परिएला,होश गर्नू ।’ ‘हवस ’भन्दै ऊ अगाडि गयो । एक ठाउँमा पोष्टर टाँस्दाटाँस्दै टोलका मान्छेहरू उसका वरिपरि जम्मा भए र सोधे,‘ यो के टाँसेको ? के लेखेको छ यसमा ? हामी त अक्षर जान्दैनौं ,तपाईंले नै अर्थ्याइदिनुस ।’ त्यसो भनेपछि ऊ अर्थ्याउन थाल्यो – आज देशमा जताततै अन्यायअत्याचार बढिरहेको छ । गरिबदुःखीको थाप्लोमा झनझन दुःखको पोको थपिँदो छ ,मुठ्ठीभर धनीमानी र राजारजौटाहरू हामी गरिबदुःखीका रगत पसिनामा पौडि खेलेर हामी उपर नै रजाइँ गरिरहेका छन् ...भन्दै अर्थ्याउँदै थियो एउटा भुसतिघ्रे पाखुरा सुर्कँदै उसको अघिल्तिर आयो र सोध्न थाल्यो ‘ए के भनिस् ? बडो नेता हुन खोज्दो र छ । कसलाई भनिस पौडि खेल्ने ?’ त्यो भुसतिघ्रेले उसको कठालोमा समाउन खोज्यो । सहयोगका लागि उसले आफ्नो वरिपरि उभिएकाहरूतिर हेऱ्यो । सबका सब छिनैमा नदारद भइसकेका थिए । उसले प्रतिरोधमा सफाइ दिन खोज्यो तर बोली नै निस्केन । भाग्न खोज्यो, खुट्टै सरेन । गुहार माग्दै चिच्यायो ।र आफ्नै चिच्याइले उ तर्सिंदै ब्युँझियो ।

पसिनाले लथपथ भएको रहेछ ऊ । ‘छिः के सपना देखियो !’ स्वगत भन्यो । ओछ्यानबाट उठ्यो । वल्लोपल्लो खाटमा हेऱ्यो । साथीहरू अझै आइपुगेका थिएनन । समयको भेउ पाउन नाडीको घडी हेऱ्यो । अँध्यारोले घडीको सुई ठम्याउन सकेन । बत्ति बाल्यो । फेरि घडी हेऱ्यो । बाह्र बजेको रहेछ । ‘कि समातिए त ?’ यो शङ्काले फेरि कम्प छुटन खोजेजस्तो भयो उसलाई । साहस बटुलेर बाहिर निस्क्यो ऊ । न आउँदै पो छन् कि भनेर वरपर ,यताउति हेऱ्यो । थिएनन । बाथरुम गयो । फर्क्यो र फेरि ओछ्यानमा पल्ट्यो । उसको मनमस्तिष्कमा भर्खरै देखेको सपना रिङिरह्यो । त्यसैमा रिङदारिङदै ऊ फेरि त्यही लोकमा विचरण गर्न थाल्यो ।...ऊ कोठामा बसिरहेको थियो । अचानक ढोकामा कसैले ढ्याकढ्याक गऱ्यो । त्यसपछि त्यो मान्छेले आफैं ढोका खोल्यो । पल्लो घरमा बस्ने युवक रहेछ । ‘आउनुस न भित्रै ।’ स्वागत गर्दै भन्यो उसले । युवकले ढोकैबाट भन्यो ,‘तपाईंसँग सानो काम छ । एकैछिन आउनुस त ।’ ऊ बाहिर निस्क्यो । तर बाहिर निस्कँदा त्यो युवक थिएन । ऊ अझ बाहिर निस्क्यो । बाहिर गल्लीमा धेरै जना मिलेर त्यसैलाई कुटिरहेका थिए । साइरन बजाउँदै प्रहरीको गस्ती गाडी आयो र त्यसलाई समाएर तान्दै भ्यानमा हाल्न खोज्यो । त्यसले कराउँदै प्रतिवाद गऱ्यो ,‘ म होइन ,म होइन ।’ र ऊ झस्कँदै बिउँझियो । हेर्छ त साथीहरू मस्त निदाइरहेका छन् । ऊ हत्तपत्त उठ्यो । बिहानीकर्मबाट निवृत्त भएर हातमुख धोयो । साथीहरूलाई मिठो चिया ख्वाउँछु भनी चिया बनाउने तरखरमा लाग्न खोज्यो । चिनी रहेन छ । चिनी लिन पसल जान भनी बाहिर निस्क्यो । बाहिर गल्लीमा हल्लीखल्ली रहेछ । मन्दिरमा आएकी श्रद्धालु महिलाको गलाको सिक्री लुछ्दै गर्दा समातिएको केटालाई मान्छेले कुटेर थङथिलो पारेका रहेछन् र प्रहरीको भ्यान पनि आएको रहेछ । अभियुक्त केटो जोडजोडले चिच्याउँदै प्रतिवाद गर्दै ऊ अझै पनि म होइन म होइन भन्दै रहेछ । सपनाको यो सँगतिले ऊ एक छिनसम्म जिल्ल परेर त्यहीँ उभिइरह्यो ।

प्रहरीले त्यो केटोलाई समातेर लगेपछि चिनी लिएर ऊ कोठामा फर्क्यो र चिया बनाउन लाग्यो । चिया खाँदैखुवाउँदै उसले साथीहरूलाई रातिका दुबै सपना सुनायो । साथीहरूमा दुई जना त अझै पनि उठेका थिएनन्,कन्हैया र भवनाथले पनि पोष्टर टाँस्दै गर्दा पुलिसले खेदेको सपना देखेछन् । उनीहरूको कुरो सुनेर उठदै गरेको पदमले भने ‘यो मनोवैज्ञानिक प्रभाव हो । हामी निषेधित कामकुरो गरिरहेका छौं,कसैले देख्छ कि पकडाउ परिन्छ कि भन्ने एक किसिमको चर्को डर पनि छ हाम्रो मनभित्र । त्यसैले त्यस्तो सपना देखिन्छ । हाम्रो सबभन्दा ठूलो शत्रु डर हो ,मनको डर । हामीले त्यसलाई नियन्त्रण गर्नसक्यौं भने यस्ताखाले समस्या स्वतः कम हुँदै जान्छ ।’

पदमको मुखमा एक छिनसम्म हेरिरह्यो क्रान्ति ।

पछिपछिको त्यस्तो कार्यक्रममा जाँदा क्रान्तिलाई पहिलेजस्तो डर लागेन । मनको डरलाई उसले विभेदरहित समाज बनाउने र बहूजन हिताय बहूजन सुखायको सपनाले जित्यो । यही सपनालाई विपना बनाउन ऊ निरन्तर लागिरहेको छ । यो अभियानमा उसले बुर्जुवा पढाइ पनि त्यागिदियो,हुँदाखाँदाको जागिर पनि राजिनामा गऱ्यो र सङ्गठनको पूर्णकालीन कार्यकर्ता बन्यो । जनयुद्धमा पनि होमियो । उसका कतिपय साथीकमरेडहरूले शहादत प्राप्त गरे त्यही युद्धमा । ज्वाला र वामिका त उसको आँखामा अहिले पनि झलझली नाचिरहन्छन् । घरिघरि उनीहरूले सोधिरहेझैं लाग्दछ,‘क्रान्ति कमरेड, के हामीले थालेको क्रान्ति पूरा भयो ? के हामीले देखेको सपना विपना बन्दै गरेको अवस्था हो अहिले ?’ ऊ निरुत्तर हुन्छ । के जवाफ देवोस..शहिद आत्मालाई कसरी भनोस कि हाम्रा अगुवा कमरेडहरूले जनवादी क्रान्तिप्रति विश्वासघात गरेका छन् र पूँजीवादी क्रान्तिसँग आत्मसमर्पण गरेका छन् ..। निम्नमध्यमवर्गीय परिबार ,सीमित आयस्ता,आमाबाबुले आश गरेको छोरो ऊ ! आमाबाबुको मनमा क्रान्तिप्रति मोह भएरै त उसको नाम क्रान्ति राखिदिएका होलान । यस अर्थमा उसले तिनको भावनाप्रति न्याय नै गरेकोजस्तो लाग्छ उसलाई । लागेकै हो आन्दोलनमा तर नेताहरूले पटकपटक धोखा दिएर उसको सपनालाई गोलपोष्टबाट आउटपोष्टतिर हुत्याइरहेका छन् र पार्टीमा पटकपटक विभाजन आइरहेको छ । तर हरेक विभाजनमा ऊ अपेक्षाकृत क्रान्तिकारी पार्टीमै लागेको छ ।

अहिले पनि ऊ क्रान्तिकारी पार्टीमै छ । उसको पार्टीलाई अरुहरू जडवादी पार्टी भन्ने गर्दछन् ,कोहीकोहीले उग्रवादी पार्टी पनि भनेका छन् । समय धेरै अगाडि बढिसक्यो । अब सयडेढसय वर्ष अगाडि स्थापित भएको विचारले क्रान्ति सम्भव छैन भन्छन् जानिफकारहरू । तर उसको पार्टीका नेताहरूले त्यस्तो विचारलाई खारेज गरिरहेका छन् । क्रान्तिको सम्बल भनेकै वर्ग संघर्ष,द्वन्द्वात्मकता र सर्वहारा नायकत्व हो भन्नेमा पार्टीका अरु साथीझैँ ऊ पनि विश्वस्त छ । तर सारथीहरूको आचारव्यवहारले जनताको मन रामरी जित्न नसकेको उसलाई लागिरहेको छ । त्यसैले क्रान्तिको सपना पनि परपर हुँदै गइरहेको छ ।

साथीहरू आइपुगेका छन् । साथीहरूको उपस्थितिले ऊ फेरि पनि विगतबाट बर्तमानमा ओर्ल्यो । भान्सामा पसेर माडिको डेक्ची लिएर आयो । हालैको विभाजनले कार्यकर्ता र आम जनतामा झुल्किन लागेको निराशालाई हटाउन पार्टीले केही कार्यक्रम ःल्याएको थियो । पोष्टरिङको यो कार्यक्रम त्यसको पहिलो सृङ्खला थियो ।

उनीहरू तीतीनजनाको तीन समूहमा बाँडिए । तीन वटा पोलिथिन झोलामा माडि पनि बोके । तीन वटै समूह बेग्लाबेग्लै क्षेत्रतिर लागे । औँसीको अँधेरी रात थियो । सडकमा कतैकति मात्र बत्ती बलेको थियो । त्यसैले यो अँध्यारो उनीहरूका लागि सहयोगी नै थियो । कतैकति भुस्याहा कुकुरहरूले झम्टिन खोज्थे । क्रान्तिसँग थिए अग्नि र जीवन । निर्दिष्ट क्षेत्रमा पुगेपछि क्रान्तिले साउतीको स्वरमा भन्यो,’लु यहीँबाट टाँस्न थालौँ ।’ र ,पहिलो पोष्टर ऊ आफैँले टाँस्यो । टर्च बालेर हेऱ्यो । राम्ररी र सुल्टै टाँसिएको रहेछ । उसले पोष्टरको लिखत पनि पढ्यो – नयाँ जनवादी क्रान्ति जिन्दावाद । ’मैले नै लेखेको पोष्टर पो परेछ ! ’ पुलकित हुँदै क्रान्तिले भन्यो र उनीहरू अँध्यारामा अगाडि लम्के ।

हिँडदाहिँडदै जीवनले रहस्यात्मक शैलीमा भन्यो,’अहिलेको यो प्रचार अभियानका लागि प्रत्येक टोलीलाई पपन्द्र हजार दिएको छ रे पार्टीले,विप्लवले लिएको छ रे पैसा त ।’

’तर विप्लवले त त्यस्तो केही भनेन । कागज, मसी,कलम सबै मैले नै चन्दा उठाएको पैसाले किनेको हुँ । उब्रेको दुई हजार अझ मैसँग छ । ’ भन्दै क्रान्तिले सोध्यो,’तिमीले कसरी थाहा पायौ ?’

’किसन कमरेडले पाँच वटै टोलीको नेतालाई आफ्नै हातले दिएको । मेरो काका पनि त्यहीँ हुनुहुन्थ्यो ।’ जीवनले भन्यो ।

क्रान्तिको मनमा चिसो पस्यो,‘पन्द्र हजार जाबोमा त साथीहरू बेइमान बन्न शरम मान्दैननभने..यस्ता साथीहरूको जमातले के को क्रान्ति गर्छ ?’उसले विप्लवलाई सबै साथीका मुखेञ्जी ऱ्याखऱ्याख्ती पाऱ्यो ।

’पैसा विभिन्न काममा खर्च भएको छ ,त्यसको हिसाब भोलि दिन्छु म ।’ विप्लवले भन्यो ।

भोलिपल्ट अर्को समुहको पत्रिकामा वक्तव्य छापियो – विप्लव कमरेड पुरानो पार्टीमा फर्कनु भयो ।

पत्रिकाको समाचार पढेर क्रान्ति र अरु साथीहरूले सन्तोष मान्दै भने,’पार्टीमा क्रान्तिको सपना बिथोल्ने त्यस्तो साथी रहेकोभन्दा गएकै जाति । ’

’सपना बिथोल्नेहरू ’आक्रोशवश क्रान्तिले भट्यायो ।

*साथीहरूले स्वर दिए – मुर्दावाद ।*
*क्रान्ति जोस्सिँदै करायो ,’हाम्रो सपना ...*
*साथीहरूले स्वर दिए, ’ जारी छ ।’*
*क्रान्ति जोस्सिँदै करायो ,’हामी सपना ...*
*साथीहरूले स्वर दिए, ’साकार पार्छौं ।*

## नेपालमा...

लोकतान्त्रिक गणतन्त्रको सम्विधान घोषणा गऱ्यो । यस आधारमा भएको संसदीय निर्वाचनमा तेस्रो स्थान प्राप्त गरेर नियमित संसदीय पार्टी जस्तै माओवादी केन्द्रले तत्कालीन दक्षिणपन्थीअवसरवादी पार्टीसंग मिलेर नेकपा (नेकपा)को रूपमा राजसुख भोग्दैछ । अर्कोतिर किरणको नेतृत्वमा गठित नेकपा -माओवादी विभाजित भएर एउटा किरणकै नेतृत्वमा क्रान्तिकारी माओवादीको रूपमा संसदको उपयोग गर्दै नया जनवादी क्रान्तिको तयारी भनेर अस्तित्वको संघर्ष गर्दै छ भने अर्को विप्लवको नेतृत्वमा एकीकृत क्रान्ति गर्ने भनेर नेकपाको नाममा अर्धभूमिगत गैरसंसदीय माओवादी संगठनमा परिणत भएको छ ।

चुनवाङ्गको प्रचण्डपथीय शब्दजालबाट फुत्कने उपाय नभएको होइन । पार्टी मालेमावादी राजनीतिक दिशाबाट अलग्गिएको भनेर नेतृत्वको आलोचना नभएकोपनि होइन । तर कुनैपनि हालतमा फेरी सशस्त्र क्रान्तिमा नफर्कने दृढमत बनाइसकेको मूलनेतृत्व क्रान्तिकारी लफ्फाजीले असन्तुष्ट पक्षको चित्त बुझाउने प्रयासमा गरीरह्यो । चुनवाङ्गबैठकको दस्तावेजमा सम्विधानसभामा जाँदा साम्राज्यवाद र विस्तारवाद विरोधी, वामपन्थी, देशभक्त तथा जनतान्त्रिक शक्तिहरूको वृहत्त गणतान्त्रिक मोर्चा गठन गरेर आमविद्रोहको वातावरण निर्माण गर्न भनिएको थियो । तर यो मोर्चा नै बन्न सकेन ।

चुनवाङ्ग बैठकको वैचारिक ‘सिफ्ट’लाई मूर्तरूप दिन कामीडाँडा बैठकले नेपाली क्रान्तिको नयाँ मोडल प्रस्तुत गऱ्यो – सशस्त्र जनयुद्ध, सशस्त्र जनआन्दोलन, शान्तिवार्ता र कूटनैतिक पहल । वृहत्त गणतान्त्रिक मोर्चा, देशव्यापी सभा, जुलूस र धर्ना जस्ता शान्तिपूर्ण विरोधका कार्यक्रममा आधारित क्रान्तिको यो मोडेल एकातिर असन्तुष्टहरूलाई चित्त बुझाउने र जसरीभएपनि शान्तिपूर्ण राजनीतिमा घरजम गर्ने धूर्ततापूर्ण योजना थियो । ०६३ भदौमा बसेको कामीडाँडा बैठकको दस्तावेजमा भनिएको थियो –‘..युद्धविराम भङ्ग नगरी शान्तिपूर्ण र जुझारु जनआन्दोलन गर्नु हुनेछ ।‘ स्पष्ट छ, यो चुनवाङ्ग बैठकले ‘आमविद्रोह सफल नभए’ वा ‘रणनैतिक प्रत्याक्रमणको योजना असफल भए रणनैतिक रक्षामा फर्कने’ निर्णयको विपरीत र खुश्चेभी दक्षिणपन्थी अवसरवादी संशोधनवादी लाईनमा पतन थियो ।

वैचारिक निर्लज्जताको हद त के थियो भने पाँचौ विस्तारित बैठकले माओवादी आन्दोलन विरुद्ध नेपालीकाँग्रेस र एमाले लगायत संसदीय यथास्थितिवादी शक्तिहरू वैदेशिक प्रतिक्रियावादीशक्तिको साँठगाँठमा षडयन्त्र गरिरहेको स्वीकार गरेरपनि रणनैतिक प्रत्याक्रमणको भ्रम कायमै राख्यो । यस दस्तावेजमा विपरीत परिस्थितिको रूपमा – ‘माओवादीलाई कमजोर पार्ने तयारी, जनयुद्ध र जनआन्दोलनका दोषी सेनाका हाकिमहरूलाई कार्वाहीको साटो पदोन्नती, बेपत्ता नागरिकको स्थितिप्रति बेवास्ता, प्रतिक्रियावादीसंग मिलेर मधेशबाट माओवादी बढार्ने योजना, गौर नरसंहारपछि मधेशमा माओवादी कार्यकर्ताहरूको श्रृङखलाबद्ध हत्या र प्रशासनको संलग्नता देखापर्नु र हत्यारालाई कुनै कार्वाही नहुनु, माओवादी विरुद्ध प्रचारयुद्ध र माओवादीलाई एक्ल्याउने प्रयास, संसदवादीदलहरू विदेशी निर्देशनमा, सम्वैधानिक राजतन्त्रकालीन ऐननियममा देश सञ्चालन, सम्झौता विपरीत जनमुक्तिसेना र शाहीसेनाप्रति भिन्न व्यवहार र जनमुक्तिसेनासंग पाखाको व्यवहार’ आदि भनिएको थियो । तरपनि रणनैतिक प्रत्याक्रमणको स्थितिरहेको भन्दै आमविद्रोहको लक्ष्य पक्रने नेपाली क्रान्तिको चारसूत्रीय मोडेललाई वैचारिक राजनैतिक जामा पहिऱ्याइयो ।

एकातिर शान्तिपूर्ण राजनीतिमा राजसुख भोग्ने लालसायुक्त दक्षिणपन्थी अवसरवादीहरूको गूटगत कचिङ्गल र अर्कोतिर क्रान्तिप्रति चिन्ता गर्ने सचेत जमातको असन्तुष्टि ०६५ साल मंसीरमा खरीपाटी भेलामा विस्फोटकरूपमा प्रकट भयो । पार्टीको नयाँ जनवादी क्रान्तिको वैचारिक धाराको नेतृत्वगर्दै किरण जनगणतन्त्रको पक्षमा उभिए भने प्रचण्ड लोकतान्त्रिक गणतन्त्रकै पक्षमा थिए । यस भेलामा पार्टी फुट्ने पक्का भइसकेको थियो । तर प्रचण्डले स्थितिको सम्वेदनशीलता बुझे र पार्टीको साझा दस्तावेजमा राजनीतिक र फौजी कार्यनीति जनताको संघीय गणतन्त्र अर्थात जनगणतन्त्र भनेर किरणकै भाषा पार्न बाध्य भए । तर व्याख्यामा ‘जनताको संघीय गणतन्त्र अर्थात जनगणतन्त्र स्थापनाको लागि शान्ति, सम्विधान र सरकारको मोर्चामा संघर्षका साथै सडक संघर्षलाई प्राथमिकता दिँदै चार तयारी र चार आधार निर्माण गरि जनविद्रोह संगठित गर्नुपर्दछ’ भन्ने वाक्यांश राखेर आफ्नो निम्ति स्पेस र सबैलाई सन्तुष्ट पार्ने चलाकी गर्न सफल भए । वास्तवमा खरीपाटी भेलाको निष्कर्ष दुईबीचको अन्तर्संघर्षको स्थगन मात्र थियो । दुई वर्षपछि पालुङ्गटारको बैठकमा यो अन्तर्संघर्ष निर्णायक स्थितिमा पुग्यो ।

०६७ साल मंसीरमा गोर्खाको पालुङ्गटारमा बसेको केन्द्रीयसमितिको छैठौँ विस्तारित बैठकमा आएर दुइपक्षीय अन्तरविरोध तीनपक्षीय देखियो । चुनवाङ्ग बैठक देखि पार्टीभित्र जनगणतन्त्रको समानान्तर लोकतान्त्रिक गणतन्त्रको पक्षमा अप्रत्यक्ष गूट चलाइरहेका डा. बाबूराम भट्टराई यस पटक खुलेरै देखा परे । पालुङ्गटार बैठकमा डा. भट्टराई विद्रोहको सम्भावना छैन भन्दै सुधारवादी सम्विधान निर्माणमा जोड दिनुपर्ने पक्षमा, किरण सुधारवादी सम्विधान बनाउने तिर होइन, जनताको संघीय गणतन्त्रको स्थापनाको लागि जनविद्रोहको पक्षमा र प्रचण्ड संघीय र प्रतिस्पर्धात्मक जनपक्षीय गणतन्त्रको कार्यनीतिले नै नयाँ जनवादी गणतन्त्रको रणनीतिलाई सहयोग पुऱ्याउँछ भनेर घुमाउरो पारामा शान्तिपूर्ण संक्रमण र लोकतान्त्रिक बहुदलिय गणतन्त्रको सुधारवादी पक्षमा देखिए ।

सम्विधान न बन्ने र देशी विदशी प्रतिक्रियावादीहरूको षडयन्त्रमा परेर पहिलो सम्विधानसभा भङ्ग हुने सम्भावना बढेर गएको बेला यो बैठक बस्दैथियो । यस्ले देशमा ठूलो राजनीतिक संकट खडा हुने स्थिति थियो । किरणसमूह यस संकटलाई क्रान्तिकारीसंकटमा परिणत गरेर जनविद्रोह गर्ने पक्षमा थियो भने प्रचण्ड बोलीमा जनगणन्त्र र जनविद्रोहको पक्षमा रहेपनि तत्कालै जोखिम मोल्ने पक्षमा देखिँदैनथे । तेस्रो सुधारवादी प्रस्ताव अत्यन्त अल्पमतको भएकोले डा. भट्टराईको प्रस्ताव औपचारिक मात्रै देखिएको थियो । खरीपाटीमा प्रचण्डको वैचारिक पक्षमा मात्र आक्रामक किरण यस पटक नेतृत्वमा समेत आक्रामक थिए । प्रचण्डले जनविद्रोहको नेतृत्व नगरे आफू नेतृत्व गर्ने भनेर बैठकमा किरणले प्रचण्डको नेतृत्वलाई ठाडो चुनौती दिएका थिए । अत्यन्त कटु र आक्रामक शैलीमा सम्पन्न यसबैठकमा प्रचण्ड अन्ततः किरणको प्रस्ताव स्वीकार्न तयार भए र साझा दस्तावेजमा पार्टीको कार्यदिशा ‘जनताको संघीय गणतन्त्र अर्थात जनगणतन्त्रको स्थापनाको लागि शान्ति, सम्विधान र सरकारको मोर्चाको साथै सडकसंघर्षलाई प्राथमिकता दिँदै चार तयारी र चार आधारको निर्माण गरी जनविद्रोह संगठित गर्ने’ निर्णय गरियो । तर बैठकको निर्णय लागू गर्ने सवालमा फेरी पुरानै रोग देखापऱ्यो । पार्टी अध्यक्ष प्रचण्ड जनविद्रोहको तयारीको साटो सरकार, सेनासमायोजन र पुनर्संयोजन जस्ता सत्तामुखी काममा बढी प्रवृत्त देखिए ।

*क्रमशः...*

## राजनीतिक...

आश्वासनको बादल फैलाएको छ । सेमिनार र गोष्ठीहरूमा समाजवादका ठूला ठूला गफ गरेर सत्तासीन दलका 'वुद्धिजीवी' र शीर्ष नेताहरू आत्मरती लिन्छन् । तर देश भने दिन प्रति दिन रसातलमा भासिँदै गएको छ । देशको अर्थतन्त्र डामाडोल अवस्थामा छ । देशको ब्यापार स्थिति ९३ प्रतिशत आयात र ७ प्रतिशत निर्यात रहेको छ । ब्यापार घाटाले सगरमाथाको उचाईसमेत उछिनेको छ । सरकारले साधारण खर्चमा ७३ प्रतिशत र विकासतर्फ २३ प्रतिशत बजेट विनियोजन गर्छ र भन्छ 'समाजवादको आधार निर्माण गर्छौं' । देशको कूल बजेटको ठूलो हिस्सा रेमिट्यान्स, वैदेशिक सहयोग र ऋण, तथा आयात करबाट सङ्कलन हुन्छ । कृषि प्रधान देश भनिएकोमा सामान्य गोलभैँडा, खुर्सानी र प्याजसम्म पनि आत्मनिर्भर हुने गरि उत्पादन नभएर नेपाली भान्सा विजोग अवस्थामा छ । खाद्यान्नको कुरा त धेरै परको भयो । रासनको ठूलो हिस्सा बाहिरबाट आयात गर्नु पर्छ ।

उत्पादनशील जमीनमा अनाधिकृत रूपमा प्लटिङ गरेर भूमाफियाहरूले तराईका जमीन सबै बगरमा परिणत गरिसकेका छन् । राज्य बेखबर भएर वसेको छ । राज्यको स्पष्ट भूमिनीति नै छैन । न त समग्र राष्ट्रको सुरक्षानीति (ब्लुप्रिन्ट) नै तयार गर्न सकेको छ । नेपालको इतिहासमै यति बलियो सरकार भएर पनि यो सरकार जति लुलो, असक्षम, भ्रष्ट, राष्ट्रघाती, नालायक र फासिवादी अरू भएनन् भन्ने व्यापक आलोचना छ । सामाजिक सञ्जाल हेऱ्यो भने सरकार र सरकारी पार्टीको सबैभन्दा कुरूप आलोचना गर्नेहरू स्वयम् सत्तासिन दलका कार्यकर्ताहरू नै अग्रपङ्क्तिमा छन् । त्यही भएर सरकारले मिडिया विधेयक ल्याएर सूचनाको हक र नागरिकको वाक स्वतन्त्रता माथि बन्देज लगाउन खोजेको छ। फेसवुकमा सामान्य आलोचना गर्दा पनि कठोर जेल सजायँ भोग्नु पर्ने कानून बनाउन खोज्दै छ । सामान्य आलोचना पनि सहन नसक्नु भनेको कमजोरी र कायरताको परिचय हो । सरकार जति भ्रष्ट हुन्छ त्यत्ति मात्रामा ऊ फासिष्ट बन्दै जान्छ । दुइतिहाईको दम्भ बोकेको सरकार सामान्य आलोचना सहने हिम्मत राख्दैन र आलोचक प्रति असहिष्णु बन्दै गएको छ ।

अर्कोतर्फ देशमा हरेक राजनीतिक दलहरूमा आन्तरिक जनवाद सबै भन्दा कमजोर बन्दै गएको छ । पार्टीहरूमा नीति, सिद्धान्त, योजना र कार्यक्रमहरूमा भन्दा पद प्रतिष्ठाहरूमा सबैभन्दा बढ्ता बहस हुने गर्छ । सबै दलहरूमा स्थायी गुटहरू फलाम भन्दा बलिया बनेर बसेका छन् । राजनीतिक दलहरूमा क्रान्तिका निम्ति, राष्ट्र र जनताका निम्ति समान विचारधाराका दलहरू एकता र ध्रुविकरणद्वारा एकताबद्ध हुन भन्दा आआफ्ना स्वार्थसिद्ध गर्ने उद्धेश्य बोकेर एकता र ध्रुविकरण गर्नेहरूको बाहुल्यता देखिन्छ । स्कूल, कलेज, विश्वविद्यालय, स्वास्थ्य क्षेत्र, सरकारी कार्यालय, सङ्घ संस्था, पार्टी जतातते अराजकता व्याप्त छ । सक्षम नेता र नेतृत्व निर्माण हुन सकेको छैन । जनतामा हेऱ्यो भने डरलाग्दो निरासाको कालो बादल मडारिएको छ । क्रान्तिकारी पार्टी र नेतृत्वप्रति पनि आवश्यक जनविश्वास पैदा हुन सकिरहेको छैन । किनकि उसलाई पनि क्रियाको राजनीति भन्दा प्रतिक्रियाको राजनीतिमै बढ्ता समय खर्चिएको छ भन्ने आरोप छ । राजनीति, सामाजिक क्षेत्र, प्रशासन, शिक्षालय, सांस्कृतिक क्षेत्र जस्ता हरेक कुनै पनि क्षेत्रमा नेतृत्व सफल हुन सकिरहेको छैन । क्रान्तिका वैकल्पिक शक्तिहरूमा समेत अकर्मण्यताको अवस्था रह्यो भन्ने जनगुनासो सुनिन्छ ।

देशका वौद्धिक र शारीरिक रूपका युवा श्रमशक्ति दिनहुँ हजारौँको सङ्ख्यामा विदेश पलायन भइरहेको छ । त्यसलाई रोकेर राष्ट्रिय उत्पादनका क्षेत्रमा लगाउने राज्यको कुनै योजना छैन । बरू सरकारले अन्य गन्तव्य मुलुकका लागि हारगुहार गरेर हाम्रा युवालाई रोजगारी देऊ भनेर भीख माग्छ । नेपालमा बहुराष्ट्रिय कम्पनीका एसेम्ब्लिङ कम्पनी खोलेर, आयात व्यापार बढाएर देशलाई समाजवादमा पुऱ्याउँछौँ भनेर सरकारी 'कम्युनिस्ट' पार्टीका शीर्ष नेताहरू डिँग हाँक्दै हिँड्छन् । यो कस्तो प्रकारको समाजवाद हो ? के समाजवादको आधार यही हो ? यस बारेमा स्वयम् सरकारी 'कमुनिस्ट' पार्टीका नेता कार्यकर्तामा कुनै बहस र छलफल हुँदैन । बरू उनीहरूमा कसरी आफूले लाभको पद पाउने, कमिसन कताबाट आउँछ भन्ने कुरामै बढ्ता ध्यान गएको छ र त्यसका लागि नेताहरूको चाकडी, गुलामी गर्न र नेताको भजन गाउँदै आरती बाल्नमै स्पर्धा चल्छ । यस्तो छ कथित कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताको चेतना र वौद्धिक स्तर ।

नेपाली समाजको समग्र चेताना स्तर पनि एकादुई नेताबाट चमत्कार खोज्ने र नेतालाई अवतारको रूपमा ग्रहण गर्ने खालको भयो । यो पनि राष्ट्र निर्माणको वाधक तत्व हो । कम्तिमा सचेत जनतामा आलोचनात्मक चेतना हुनु पर्छ । त्यो छैन । नेता पनि यही समाजको उपज हो भन्ने हामी बुझ्दैनौँ । या त नेताको अति श्रद्धा र भक्ति गर्छौं या त आफ्नो स्वार्थ सिद्ध भएन भने नेतालाई राक्षसीकरण गरेर सराप्न थाल्छौँ । अनि हरेक आवधिक निर्वाचनमा तिनै नेताबाट मासुभात माग्छौँ र तिनका भजन गाउँदै भोट खसाल्छौँ । यो संसदीय व्यवस्थाको गोलचक्करवाद हो । घुमिफिरी रुम्जाटार । यो चक्र पञ्चायती व्यवस्थाको पछिल्लो कालदेखि चलिरहेको छ। जुनसुकै नामका व्यवस्था फेरिएको भनिए पनि अन्ततः हामी यही संसदीय गोलचक्करमै छौँ । नेपाली जनताले आवधिक निर्वाचनमा फेरिने सरकार र सरकारमा पुगेको पार्टीका अमुक अमुक नेताबाट समग्र राष्ट्रले कायापलट गर्छ र गर्नु पर्छ भन्ने मान्यता राख्दै आएको छ। यो सोच पूर्ण रूपमा गलत छ र यसलाई खारेज गर्नु पर्छ ।

आज देशमा सङ्घीयता लागू भएको भनिएको छ । नेपालको संविधानलाई सङ्घीय संविधान भनिन्छ । परन्तु सङ्घ र प्रदेशका सांसदहरूको सार्वभौम अधिकार सत्तासिन नेकपाका दुई अध्यक्षमा अन्तरनिहित छ । दुई अध्यक्षले जे आदेश गर्छन् त्यो कुरा सांसदहरूले आँखा चिम्लिएर ल्याप्चे लगाउने गरेका छन् । संविधानले प्रदेशको नामाकरण गर्ने र राजधानी तोक्ने अधिकार त्यही प्रदेशका सांसदहरूलाई दिएको छ भन्ने कुरालाई तीन नम्बर प्रदेशमा कसरी लागू भयो ? सबैका सामू छर्लङ्गै छ । सङ्घीय संसदमा सभामुख छनोटको विषयमा सत्तासिन पार्टीका दुई अध्यक्षको स्वार्थको खिचातानी (छायाँमा राष्ट्रपतिको स्वार्थ समेत जोडिएको)ले संसद एक महिनासम्म बन्धक बन्यो । प्रमुख प्रतिपक्ष दल आफ्नैघरभित्रको झगडामा व्यस्त भयो । यसरी सार्वभौम संसद पङ्गु बनाइयो । यसले के देखाउँछ भने प्रदेश वा सङघीय सांसदहरूको हैसियत सरकारी तलव भत्ता खाने र दिन गुजारा गर्ने भन्दा अरू केही छैन । उनीहरू चाहेर पनि केही गर्न सक्तैनन् । किनकि संसदीय व्यवस्थामा दलको ह्वीप नै सार्वभौम हुन्छ र त्यो ह्वीप जारि गर्ने अधिकार पार्टीको मुखियालाई मात्रै हुन्छ । अहिले देशमा जे गर्न पनि छुट सरकारी नेकपाका दुई अध्यक्षलाई छ । उनीहरूको हुकुम प्रमाङ्गीबाट देश चलेको छ । यो कस्तो प्रकारको सङ्घीय गणतन्त्र हो ?

अहिले एमसीसी प्रकरणले देश दुई ध्रुवमा बाँडिएको छ । एमसीसी प्रकरणसँगै जोडिएको छ सभामुख छनोटको नौटङ्की । उक्त परियोजना संसदबाट पास गराउन सत्तापक्ष र प्रतिपक्ष सबैलेन्वारानदेखिको बल लगाइरहेका छन् । सभामुख नभएकै कारण ढिला भएको मात्रै हो । यसको विरोध गर्ने सत्तासिन दलको एकादुइजना सांसद पनि पार्टीको ह्वीप मान्नै पर्ने अवस्थामा छन् । सडकमा विरोध गर्नेहरूको आवाज संसदी यव्यवस्थामा मान्य हुँदैन । त्यसैले यो जसरी पनि पास हुनेनै छ । यो पास हुनु भनेको सदाका लागि अमेरिकी साम्राज्यवादको युद्धस्थलमा फस्नु हो । यो परियोजनाका सर्तहरूले त्यही सङ्केत गरेका छन् । दोस्रो विश्वयुद्धमा साम्राज्यवादी शक्तिहरूको नराम्रो पराजयपछि उनीहरूले आइएनजिओ मार्फत् विकास निर्माणका प्याकेज लिएर उत्पीडित र अविकसित तेस्रो विश्वका मुलुकहरूमा पस्ने र त्यहाँका जनतामा कनिका छरेर सत्ता राजनीतिलाई आफ्नो गोजीमा छिराउँदै सरकारसमेत कठपुतली बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने रणनीति ल्यायो । त्यसैको एउटा कडी हो एमसीसी प्रकरण । यो बाहिर देख्दा जलविद्युत र सडक विकाससँग जोडिएको छ । तर छायाँमा यहाँको संविधान कानूनलाई आफ्नो हातमा लिने रहेको छ ।

यसरी समग्रमा देशको चित्र कहाली लाग्दो छ । संसदवादी दलहरूले राजनीतिक क्रान्ति पूरा भयो भनेर जतिसुकै भोक्रो फुलाए पनि राजनीतिक सङ्कट अझ बढी गहिरिएकोछ । यसको निकास तुरुन्तै खोज्नु पर्छ । नत्र देश गृहयुद्धमा फस्ने कुरालाई त कसैले रोक्न सक्ने त छैन, बाह्य युद्धको भूमरीमा पनि फस्ने खतरा त्यत्तिकै टड्कारो छ । अहिले सङ्घीयलोकतान्त्रिक गणतन्त्रको व्यवस्था भनिए पनि सारमा यो संसदीय बुर्जुवा गणतन्त्र नै हो । संसदीय व्यवस्था विश्व मानचित्रबाटै असफल हुँदै गएको व्यवस्था हो । यसका विरुद्धमा जनवादी गणतन्त्र स्थापनाका लागि फेरि नयाँ प्रकारको क्रान्तिकारी आँधीबेहरीको आवश्यकता छ । रक्तपातपूर्ण क्रान्ति कसैको पनि प्रिय र रहरको विषय होइन । अहिले कम्युनिस्ट नामको दुइतिहाई दम्भ बोकेको सरकारले सामाजिक फासिवादको अभ्यास गरिरहेको छ । संविधानले दिएको मौलिक हकको वाक स्वतन्त्रता माथि लगाइएको प्रतिबन्ध र निषेध फासिवादको सूचक हो । शन्तिपूर्ण सभा जुलुस गर्न र ज्ञापनपत्र बुझ्न समेत सहिष्णु नभएको यो सरकारले राष्ट्रघाती सम्झौताहरूमा जसरी अग्रसर भएको छ यसले देशलाई सिक्कमीकरण तर्फ लैजान्छ । अझ एमसीसीपछि त देश अफगान, इराकको अवस्थामा पुग्ने निश्चित छ । त्यसैले संसदीय व्यवस्थाको विकल्प संसदीय व्यवस्था होइन । यो संविधानकै खारेजतर्फको सङ्घर्ष उठाउनु पर्दछ ।

यतिवेला राष्ट्रिय स्वाधीनताको मुद्धा प्रखर बनेर आएको छ। एकातिर भारतीय विस्तारवादको हस्तक्षेपकारी नक्सा प्रकरणले उब्जाएको सीमा विवाद र अर्कातर्फ एमसीसी प्रकरणले निम्त्याएको देशकै अस्तित्व रक्षाको अवस्था यी दुई मुद्धा राष्ट्रिय स्वाधीनताका विषय हुन् । तसर्थ राष्ट्रिय जागरणद्वारा नयाँ जनवादी क्रान्तिको तयारी गर्नु अहिलेको राष्ट्रिय आवश्यकता हो। राजनीति, सामाजिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रमा सामन्तवाद दवदवापूर्ण अवस्थामा छ । नवऔपनिवेसिकरणकोफन्दामा राष्ट्र फसेको छ । यस्तो मुलुकमा नयाँ जनवादी क्रान्ति नै राजनीतिक क्रान्तिको कार्यदिशा हुन्छ। दशवर्षको जनयुद्ध यही उद्धेश्य प्राप्तीका लागि थियो । त्यसलाई नेतृत्वबाटै गद्दारी गरेर संसदवादमा फसाएपछि क्रान्तिको बाँकी कार्यभार पूरा गर्न पुनः क्रान्तिको तयारी गर्नु पर्ने भएको छ । त्यसका लागि पनि जनसङ्घर्ष यतिवेलाको आवश्यकता हो । सङ्घर्ष रहर होइन वाध्यता हो । छरिएर रहेका ससाना कोटरीका क्रान्तिकारीहरू पनि ध्रुविकरणमा आउन जरुरी छ ।

११ माघ, २०७६

## भारतको...

दिन १९६५ को सम्झौता विपरीत भनी औपचारिक विरोध नै गऱ्यो । त्यति मात्र नभएर २०४५ मा नेपालको सहमति वेगर नेपाललाई क्षति हुने गरी टनकपुर व्यारेजको निर्माण गरियो । त्यतिले मात्र नपुगी पञ्चायती व्यवस्था नै फाल्नुपर्छ भनेर २०४६ ताका भारतबाट चन्द्रशेखरहरू नेपालमा आए । कांग्रेस कम्युनिस्ट मिल्नुपर्छ भनी गणेशमानको घरमा भेला गरी सुझाव दिने बखत हिन्दुस्थानको सल्लाहले व्यवस्था परिवर्तन गऱ्यो भने पछि आउने सरकारले भारतले जे मागे पनि सुनको थालमा राखेर दिनुपर्छ भनेर तत्कालीन नेकपा (चौम) को महामन्त्री निर्मल लामाले सभा बहिष्कार गऱ्यो । यो कुरा हालका कांग्रेस र कम्युनिस्टका नेताहरू सबैलाई थाहा छ । २०४६ फागुन ७ गतेदेखि नेपालमा आन्दोलन शुरु भयो । उक्त आन्दोलनमा निर्मल लामाले पनि सक्रिय भाग लियो । आन्दोलन सफल भएपछि पहिलो निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भयो । कोइरालालाई टनकपुर व्यारेज (जुन नेपालको सहमति वेगर बनेको थियो) को प्रस्ताव आयो । गिरिजाप्रसाद कोइरालाले ३०० क्युसेक पानी १५० मेघावाट विद्युतमा भारतसँग समझदारी गरेर आउँदा नेपालमा हङ्गामा मच्चियो । त्यो त्यतिकै थाँती रह्यो । पछि २०५२ माघ २९ गते नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पी.वि.नरसिंरावाबीच उक्त विवादित टनकपुरसहित समेटेर महकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धि गरियो । उक्त सन्धिलाई तत्कालीन प्रतिपक्ष एमाले (माधव-ओली गुटले विशेष) पूर्ण सहयोग गरेको थियो । हालका प्रधानमन्त्री केपी ओलीले नेपाललाई वार्षिक रु.२१ अरब फाईदा हुन्छ भनी सहमति गर्न नमानेका वामदेव/सीपी मैनाली समूहलाई कन्भिन्स गराउने प्रयत्न पनि गरेको थियो ।

यसैको वरिपरि २०५५ असार २० गतेदेखि शक्ति राष्ट्रहरूको बीचमा अचम्मको खेलहरू शुरु भयो । अमेरिकाको राष्ट्रपतिले रुसको राष्ट्रपतिलाई लेनिनको पालामा निर्माण भएको आणविक भट्टी नाश गर्न रुसको राष्ट्रपति समक्ष प्रस्ताव राख्यो । रुसको राष्ट्रपतिले सबै खर्च अमेरिकाले व्यहोर्ने भए नाश गर्ने राय पठायो । अमेरिकाको प्रस्तावलाई अमेरिकाकै जनताले व्यापक विरोध गरियो । अर्कोतिर चीनको मनमा के कुरा आयो भने अमेरिका र रुस मिल्यो भने चीनलाई धक्का पर्छ भनेर चीनको राष्ट्रपति आफै रुसमा गएर रुसको केन्द्र सरकारलाई वेवास्ता गरी अमेरिका विरोधी ५ संघीय सङ्गठन निर्माण गरियो । तत्काल अमेरिकाले फेरी चीनको विरुद्धमा जासुसी विमान चीनमा पठायो । उक्त जासुसी विमानलाई चीनका लडाकु विमानले चीनकै भूमिमा उताऱ्यो । पछि उक्त विमान अमेरिकाले रुसको विमानद्वारा अमेरिका लग्यो । त्यस पछाडि २०५७ साल फागुनतिर चीनले नेपालका राजा वीरेन्द्रलाई बोलाई भूपरिवेष्ठित मुलुकलाई भूजडित बनाउने उद्देश्यले स्थलमार्गहरूको सम्झौता भयो । २०५८ जेठ १९ गते वीरेन्द्रको वंश मात्रै नाश हुने गरी दीपेन्द्रलाई नै दोष लगाएर मकै बेट्टाए जस्तै बेट्टायो । त्यसताका अचम्मको कुरा के देखियो भने अघिपछि बाढी, पहिरो, भुकम्प आउँदा भयभित भएको जनतालाई झन् आतङ्कित हुने गरी दोलाखा भिमसेनलाई पसिना आयो भन्ने हल्ला गर्थे । वीरेन्द्रको वंश नाश हुने बेलामा दोलाखा भिमसेनलाई पसिना पनि आएन र पशुपतिलाई आँशु पनि आएन । यस्ता घटनाहरूलाई सुक्ष्म ढङ्गले विश्लेषण गर्दा नेपालमा शासन सत्ता चलाउनेहरूको व्यवहार एकादेशको असन्तोषी दुई भाई विरालोले ढेंडुलाई कुरौनी बुझाएको जस्तै देखिन्छ । दुई भाई विरोलो कुरौनीमा आफू नमिलेर कुरौनी जोख्नलाई ढेंडुलाई जिम्मा दिएछ । ढेंडुले तुलोमा कुरौनी राख्ने बेलामा एकपट्टी बढी नै राख्ने र बढी भएको निकालेर खाई दिने र फेरि अर्कोतिर बढी भयो । फेरि त्यो बढी भएको पनि झिकेर खाईदिने । एवम् रूपले जोख्ने क्रममा कुरौनी नै सिद्धियो । कुरौनी नै सकिए पछि खाली तुलो दुई भाई विरालोको काखमा फालेर ढेंडु रुखमा चढेछ । नेपालका शासकहरूको चरित्र दुई भाई विरालोको र भारतको चरित्र ढेंडुको जस्तो भईरहेको छ । नेताहरूको यस्ता चरित्रले देश बचाउँछ भन्ने प्रश्नै आएन । यस्तो स्थितिमा देश बचाउने भनेको आम जनताको वैचारिक हतियार नै थियो । तर नेपाली जनताको विचारमा खडेरी लागेको २५ सय वर्ष भयो भन्छन् यादव देवकोटा । कान्तिपुर साउन ११, २०७६ । उनको यो दावी अहिले सत्य सावित भएको छ । किनकी भारतले आफ्नो भू-भाग कब्जा गर्दा जति जनता आन्दोलित हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । कुनै सचेत राजनीतिक पार्टीले राष्ट्रियताको पक्षमा आन्दोलन गर्दा उल्टो गिज्याउने संस्कार पो हुर्किदैछ ।

त्यसैगरी राष्ट्रको सुरक्षा भनेको भौतिक हतियार नै हो । तर हामीसँग शत्रु राष्ट्रलाई हराउन सक्ने गरी हतियारको उत्पादन तथा सङ्कलन पनि भएको छैन । यस अवस्थामा भारतले जहिले पनि नेपाल माथि दबाब र दमन भौतिक हतियारकै भरमा गरिरहेको छ । हुन त आकाशबाट बमबारी गरी जमिनमा भएको साधारण जनता मार्नु, तटबन्धन भत्काएर तल्लो तडियाको जनतालाई दुःख दिनु यो युद्ध नियम विपरीत हो । तत्कालीन भारतीय विदेश सचिव के.पी. मेननले डिसेम्बर ६, १९८८ मा नै नेपालको भविश्य नै अनिश्चित छ भनेर आफ्नो तर्क अगाडी सारेको रहेछ । यस्तो अवस्थामा भारतकै लागि मात्र भने नेपालसँग एउटा हतियार छ । त्यो भनेको ६००० नदीनाला, २००० तालतलियामा बाँध बनाउने र त्यस पछि भारतलाई हाम्रो लिम्पियाधुरा लगायत मिचिएको जमिनहरू फिर्ता लेउ, अन्यथा यी बाँधहरू प्रत्येक साउनमा खोलेर भारतलाई गाई भैंसीको मुतमा परेको कमिला बनाउछौं भनेर चेतावनी दिनुपर्छ । यसमा भारतले लचकता अप्नायो भने सो पानीलाई विजुली र सिञ्चाईमा प्रयोग गर्न पनि सकिन्छ । यो काम गर्न देशभक्त नेपालीहरू एकजुट हुनुपर्छ । एकजुट भएर यो अभियानमा लाग्यो भने सीमा रक्षा तथा राष्ट्रिय स्वाधीनताको रक्षा सम्भव पनि छ ।

शीत लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ त्यसैले

- न्यानो कपडाको जोहो समयमै गरौं ।
- शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाट निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राती सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबनध मिलाऔं ।
- शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरु खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



हार्दिक शुभकामना
राष्ट्रिय पर्व २८५६ औं जिवा/मुसा ल्होछार (नयाँ वर्ष) को अवसरमा सम्पूर्ण ग्राहकवर्ग शुभचिन्तक, जिल्लावासी तथा स्वदेश र विदेशमा रहनुभएका नेपालीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
गुणस्तरीय छपाईको लागि यस प्रेसलाई सम्पर्क गर्नुहोला ।
प्रोपाइटर
जगनाथ खड्का
नरबहादुर लामा
रोजन प्रिन्टिङ प्रेस
बनेपा-७, काभ्रे, फोन : ०११-६६१५८५

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

# आलोपालो

## राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई एकीकृत गर्न जरुरी

***राष्ट्रियताको आन्दोलनले प्राप्त गर्नुपर्ने उद्देश्य भनेको अतिक्रमित भूमिको फिर्ता, नेपालको अर्थतन्त्रमा भारतीय एकाधिकार पुँजीको अन्त्य र आत्मनिर्भर अर्थतन्त्रको निर्माण, खुला सिमानाका कारण उत्पन्न समस्याहरूको समाधान तथा असमान सन्धि सम्झौताहरूको खारेजी नै हो***



● प्रेम सुवेदी ●


वर्तमान राजनीतिक परिस्थितिको मूल्याङ्कन गर्दै, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी ) ले भनेको छ "अहिले राष्ट्रियता, जनतन्त्र तथा जनजीविका र मुख्यत राष्ट्रिय स्वाधीनताको रक्षा, सीमा अतिक्रमणको विरोध, कालापानीबाट भारतीय सेनालाई फिर्ता गर्ने प्रश्नलाई लिएर जनस्तरमा विरोध तथा आक्रोशका आवाजहरू उठिरहेका छन् । हामीले तिनलाई सही दिशा प्रदान गर्ने, संघर्षलाई अगाडि बढाउने, आफ्नै पहलमा आन्दोलनको सञ्चालन गर्ने र मिल्न सकिने शक्तिसित मिलि संयुक्त रूपमा जाने नीति अवलम्बन गर्नु पर्दछ ।"

उपरोक्त भनाइले स्पष्ट गर्दछ यतिबेला देशको सार्वभौमिकताको रक्षाको विषय अत्यन्त गम्भीर र सम्वेदनशिल अवस्थामा छ । तसर्थ, राष्ट्रिय स्वाधीनताका मुद्दामा मुख्य जोड दिदै जनतन्त्र र जनजीविका पक्षमा सघर्ष गर्नु अहिलेको वस्तुगत आवश्यकता हो । त्यो आवश्यकतालाई पूरा गर्न एकातिर पार्टीको स्वतन्त्र पहलमा सघर्ष गर्दै जाने, अर्कोतिर संयुक्त आन्दोलन र सघर्षका लागि वातावरण बनाउन विभिन्न शक्ति र पक्षहरू सङ्ग छलफल गर्दै संयुक्त आन्दोलन उठाउन कोशिष गर्ने जुन चर्चा गरिएको छ, त्यो समयको माग र आवश्यकता पनि हो ।

राष्ट्रिय स्वाधीनताका पक्षमा उठेका आवाज र आन्दोलनलाई एकीकृत गरेर नै देशको सार्वभौमसत्ताको रक्षा र वैदेशिक हस्तक्षेपलाई परास्त गर्न सकिने छ र सकिन्छ । नेपालको सार्वभौमसत्ता कमजोर पार्ने गरि भएका विभिन्न असमान सन्धि सम्झौताको खारेजी सीमा अतिक्रमणमा परेका लिम्पियाधुरा, कालापानी, शुस्ता महेशपुर लगायतका भू-भागको फिर्ता गर्ने प्रश्नलाई मुख्य जोड दिएर राष्ट्रिय स्वाधीनताको आन्दोलन सङ्गिठत गर्न आवश्यकता छ । निश्चय नै राष्ट्रिय स्वाधीनताको विषय यतिमा मात्र सिमित छैन,त्यसका बेग्ला बेग्लै विषयमा पनि आन्दोलन उठाउन जरुरी छ । पछिल्लो समयमा भारतीय बिस्तारवादले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई आफ्नु नक्शामा समावेस गरेर गएको कार्तिक १६ गते जसरी नक्शा सार्वजनिक गर्यो त्यो नेपाल माथिको नाङ्गो हस्तक्षेप थियो र हो । त्यो हस्तक्षेप पछि हाम्रो पार्टी लगायतका विभिन्न मोर्चाले गर्दै आएका सघर्ष तथा अन्य पक्षबाट उठाइएका आवज र आन्दोलनलाई संयुक्त रूपमा लैजाने कोशिश भए पनि त्यसले सार्थकता पाउन सकिरहेको छैन । यो अवस्थामा राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई विभाजित रूपमा होईन, एकीकृत गर्न जरुरी छ । त्यो कुरामा हाम्रो पार्टी स्पष्ट छ । त्यसै शिलशिलामा विभिन्न पक्ष र शक्तिसङ्ग सम्वाद तथा छलफल गर्दै आए पनि त्यसले मुर्तरूप लिन सकिरहेको छैन । यसप्रकारको स्थितिमा आफ्नो तर्फबाट सघर्षका कार्यक्रम निश्चित गर्दै संयुक्त आन्दोलनका लागि वातावरण बनाउन पहल गर्नु नै सही हुनेछ र पार्टीले त्यही नीति अवलम्बन गर्दै आएको छ ।

नेपाल माथी भारतीय बिस्तारवादले गर्दै आएको थिचोमिचो र सीमा अतिक्रमणका बारेमा नेपालका शासकहरूले अपनाउदै आएको आत्मसमर्पण र सम्झौता परस्त नीतिले गम्भीर नकारात्मक प्रभाव पार्दै आएको छ । वर्तमान ने. क. पा. (नेकपा) को सरकारले पनि राष्ट्रिय स्वाधीनताको पक्षमा मुलतः सम्झौता परस्त नीति अपनाउदै आएको कुरा छर्लङ्ग हुँदै गएको छ । देखावटी रूपमा वर्तमान सरकारले आफूलाई राष्ट्रवादको घुम्टोले ढाक्न कोशिस गरे पनि घटनाक्रमले त्यो कुरालाई उदाङ्गो पारी दिएको छ । उनीहरूकोको दलाली नेपाली जनताका वीचमा कुनै पनि हालतमा छिप्न सक्ने छैन । साशकहारुको आत्मसमर्पण र लाचारपनका कारणले जनताले गर्दै आएको सघर्षले सार्थकता पाउन सकिरेहेको छैन, त्यसैले अबको आन्दोलनले विगतका ती सबै नकरात्मक पक्षबाट पाठ सिक्दै जब सम्म भारतीय विस्तारवादले अतिक्रमित भू-भाग फिर्ता गर्दैन तब सम्म आन्दोलनलाई निरन्तर सञ्चालन गर्ने अठोट र दृढताको आवश्यकता छ । सम्पूर्ण देशभक्तहरूलाई संगठित गर्ने उद्देश्य सहित आन्दोलनको दायरालाई फराकिलो पार्न जरुरी छ । राष्ट्रियताको आन्दोलनले प्राप्त गर्नुपर्ने उद्देश्य भनेको अतिक्रमित भूमिको फिर्ता, नेपालको अर्थतन्त्रमा भारतीय एकाधिकार पुँजीको अन्त्य र आत्मनिर्भर अर्थतन्त्रको निर्माण, खुला सिमानाका कारण उत्पन्न समस्याहरूको समाधान तथा असमान सन्धि सम्झौताहरूको खारेजी नै हो । उपर्युक्त विषयहरूलाई जोडेर राष्ट्रिय स्वाधिनताको आन्दोलनलाई अगाडि बढाउन आवश्यक छ । ती सबैकुरालाई जोडन सकिएन भने वैदेशिक हस्तक्षेप हाम्रा लागि बारम्बारको नियति बनीरहने छ । तसर्थ राष्ट्रिय स्वाधिनताका विभिन्न पक्ष र आयामहरूमा पनि हामीले त्यत्तीकै ध्यान दिन जरुरी छ ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले उपर्युक्त विषयलाई ध्यान दिंदै राष्ट्रियताको आन्दोलनका साथै जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई समेत समेटेर संघर्ष गर्ने जुन कुरा गरेको छ, त्यो समय सापेक्षीत छ । जनजीविका र जनतन्त्रबाट राष्ट्रियतालाई अलग गरेर राष्ट्रिय स्वाधिनता र राष्ट्रियतालाई अलग गर्ने दृष्टिकोणले आन्दोलनलाई अन्धराष्ट्रवादमा लैजाने खतरा पनि त्यतिकै हुन्छ । त्यसैले हाम्रो पार्टीले राष्ट्रियताको आन्दोलनलाई मुख्य जोड दिंदै जनतन्त्र र जनजीविकाका मुद्दासँग एकाकार गर्ने जुन नीति तय गरेको छ त्यो सही र वस्तुवादी छ । राष्ट्रिय स्वाधिनताको चर्चा गर्दा आन्तरिक राष्ट्रियतालाई उपेक्षा गर्ने दृष्टिकोणले पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई कमजोर बनाउछ । त्यसप्रति हम्रो पार्टी सदैव गंभीर र संवेदनशील छ ।

मार्क्सवादीहरुका लागि उपयोगी पुस्तक खोजी खोजी पढौं, बजारमा सर्वत्र उपलब्ध छ ।

हार्दिक शुभकामना



राष्ट्रिय पर्व २८५६ औं जिवा/मुसा ल्होछार (नयाँ वर्ष) को अवसरमा सम्पूर्ण शेयर सदस्य, शुभचिन्तक, जिल्लावासी तथा स्वदेश र विदेशमा रहनुभएका नेपालीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

सर्वसुलभ कारोवारको लागि हाम्रो शाखा कार्यालय बनेपा-७, काभ्रेमा सम्पर्क गर्नुहोला ।

पूष्पराज कोइराला (शाखा प्रबन्धक)

देवसागर लामा (लेखा अधिकृत)

कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट को.लि.

शाखा कार्यालय, बनेपा-७, काभ्रे, फोन : ०११-६६२३८७







गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोरपाटी काठमाडौं

३ नं. प्रदेश नेपाल

सूचना

१. स्वास्थ्य र पौस्टिक खाना खाऔं, नियमित स्वास्थ्य जाच गरौं
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऔं
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔं उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपी गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔं ।

भिम बहादुर शाही

प्रशासन, योजना तथा अनुगमन शाखा

गोकर्णेश्वर नगरपालिका


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।